दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक १७७ | बुटवल | २०८३ असार १७ गते, बुधबार | नेपाल संवत ११४६ | Wednesday July 01, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१

# लोकतन्त्रवादी, वामपन्थी र देशभक्त मिलेर संयुक्त संघर्षमा जानुपर्छ : ओली

लुम्बिनी संवाददाता
*बुटवल*

नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले सबै लोकतन्त्रवादी, वामपन्थी तथा देशभक्तबिच कार्यगत एकताका साथ संयुक्त संघर्षमा जानुपर्ने आवश्यकता रहेको बताएका छन् ।

नेकपा (एमाले) राजधानी प्रदेशस्तरीय निर्वाचन समीक्षा तथा पार्टी पुनर्गठन परामर्श कार्यक्रमलाई मंगलबार पार्टी केन्द्रीय कार्यालय, च्यासलमा सम्बोधन गर्दै अध्यक्ष ओलीले 'अपहरित लोकतन्त्र'लाई फर्काउन संयुक्त संघर्ष जरुरी रहेको बताएका हुन् ।

'देशमा गरिएको वितण्डाविरुद्ध रहेका सबै लोकतन्त्रवादी, वामपन्थी र देशभक्तहरूबिच कार्यगत एकता गरी संयुक्त संघर्षमा जानुपर्छ', ओलीले भने-'गत फागुन २१ गतेको निर्वाचन २०८२ भदौ २३ र २४ गते गरिएका अपराधलाई वैधानिकता दिन मञ्चन गरिएको नाटक हो । गौरीबहादुर कार्की आयोगको प्रतिवेदनमा भदौ २३ गते गोली कसले चलायो र दुई दिनका घटनामा सुरक्षा संयन्त्र किन निस्प्रभावी भए ?'

ओलीले ती अपराधका घटनालाई ढाकछोप गर्न आयोग बनेको टिप्पणी गरे । उनले गत भदौ २३/२४ को घटना संविधान, लोकतन्त्र र एमालेविरुद्धको आक्रमण र षडयन्त्र थियो भन्दै त्यो उपद्रव युवा विद्रोह, आन्दोलन थियो भन्ने भ्रममा नपर्न आग्रह गरे । अध्यक्ष ओलीले अहिले पार्टी एकताको सम्भावना नरहेको र त्यस भ्रममा नपर्न नेता कार्यकर्तालाई आग्रह समेत गरे । 'हामी समूहगत र संस्थागत एकता गर्दैनौं तर पार्टी प्रवेश गर्ने व्यक्ति र समूहलाई पार्टी प्रवेश गराई उदारताका साथ समेट्ने काम गर्छौं ।'- उनले भने ।

ओलीले काठमाडौंमै आयोजित अर्को कार्यक्रममा देशमा तोडफोड, हिंसा, आगजनी र लुटपाटजस्ता गतिविधिलाई वैधानिकता दिने काम भएको बताएका छन् । उनले देश बर्बाद भएको र त्यसै कारण खेलकुदलगायतका कुनै पनि क्षेत्र गतिका साथ अघि बढ्न नसकेको तर्क गरे । ओलीले आफूले अनेक संकटबाट मुलुकलाई अघि बढाउने प्रयत्न गरेको भए पनि वर्तमान सरकारले देशलाई बर्बादीको बाटोमा अघि बढाएको आरोप लगाए । उनले आम जनताले न्याय पाउने गरी आफूहरूले देशलाई फेरि अघि बढाउने दाबी गरे ।

'हामीले देशलाई अगाडि बढाउन खोज्यौं । भुइँचालोले ध्वस्त बनायो, हामीले त्यसलाई उठायौं । कोभिडले ध्वस्त पार्न खोज्यो, त्यसलाई हामीले उठायौं । अर्थतन्त्र ध्वस्त अवस्थाबाट हामीले माथि उठायौं । तर, त्यो कुरा सैह्य भएन,' ओलीले भने-'विभिन्न शक्तिहरूले त्यसलाई संवैधानिक हिसाबले ढाल्न नसकेपछि असंवैधानिक हिसाबले, उपद्रवको हिसाबले तोडफोड, हिंसा, आगजनी, लुटपाट जस्ता कुराहरूबाट सरकार ढाल्ने बाटो समातियो । त्यसलाई वैधानिकता दिने काम भएको छ ।'

अध्यक्ष ओलीले हरेक नागरिकमा देशभक्तिको भावना आवश्यक रहेको बताए । सरकारले हस्तक्षेप गरेकाले अन्तर्राष्ट्रिय फुटबल महासंघ (फिफा)ले अखिल नेपाल फुटबल संघ (एन्फा)लाई निलम्बन गरेको आरोप लगाएका छन् । खेलकुद क्षेत्रमा सरकारको हस्तक्षेप रोक्न लागिपर्न उनले पार्टीका सम्बद्ध पक्षलाई निर्देशन दिए । उनले एन्फामाथि फिफाले लगाएको प्रतिबन्धबाट मनोबल गिराउने काम नगर्न पनि खेलकुद क्षेत्रका सबैलाई अपिल गरे ।

अध्यक्ष ओलीले खेलकुद क्षेत्रको जरैदेखि विकास गर्ने काममा सरकारले ध्यान दिनुपर्ने आवश्यकता औंल्याए । देशको प्रतिष्ठा बढाउन खेलकुद क्षेत्रको योगदान हुने भएकाले पनि यसको विकासमा सबैले पहल गर्नुपर्ने उनको भनाइ थियो । उनले खेलकुद क्षेत्रको विकासमा आफू नेतृत्वको तत्कालीन सरकारले महत्त्वपूर्ण काम गरेको जिकिर समेत गरे ।



## संघीयतालाई बिथोल्न खोजे द्वन्द्व निम्तिने चेतावनी

बुटवल । विभिन्न राजनीतिक दलका नेताहरूले संघीयता, गणतन्त्र, धर्मनिरपेक्षता र समानुपातिक समावेशिता नेपालको संविधानबाट हट्न नसक्ने बताएका छन् । यस्तो प्रयास गरे मुलुकमा द्वन्द्व सिर्जना हुने उनीहरूको चेतावनी छ ।

फेडरालिजम् एन्ड लोकलाइजेसन सेन्टर (एफएलसी) ले मंगलबार काठमाडौंमा गरेको कार्यक्रममा सहभागी राजनीतिक दलका नेता, सांसद, संविधानविद्, युवा, पत्रकार, नागरिक समाजका अगुवाहरूले यस्तो बताएका हुन् ।

पूर्वसांसद डा. खिमलाल देवकोटाले संघीयताको माग विगत धेरै दशकदेखि क्रमशः विकसित हुँदै आएको बताए । उनका अनुसार वेदानन्द झा र गजेन्द्र नारायण सिंहले अघि सारेको विकेन्द्रीकृत शासनको अवधारणादेखि माओवादीद्वारा प्रस्तावित पहिचानमा आधारित प्रदेश संरचना तथा मधेश आन्दोलनसम्मका राजनीतिक माग र योगदानले संघीयतालाई राष्ट्रिय राजनीतिक एजेन्डाको केन्द्रमा स्थापित गरेको हो ।

नेपाली कम्युनिस्ट पार्टीका नेता देवप्रसाद गुरुङले संघीयता र धर्मनिरपेक्षताजस्ता स्थापित संवैधानिक आधारभूत विषयहरूलाई अनावश्यक रूपमा पुनः बहसमा ल्याउनु उपयुक्त नहुने बताए ।

उनले सुधारका प्रयासहरूमा संविधानको कार्यान्वयन, संस्थागत प्रभावकारिता तथा जवाफदेहितालाई सुदृढ बनाउन केन्द्रित हुनुपर्ने सुझाए । अहिले संविधान संसोधनको मुद्दा उठाउनुलाई उनले प्यान्डोरा बाकस खोल्नु जस्तै भएको तर्क गरे ।

यसैबिच नेपाली कांग्रेसका नेता कृष्ण सिटौलाले न्यायालयलगायत राज्यका सबै अंगले स्वतन्त्रता गुमाएको टिप्पणी गरेका छन् । संविधानको मूल आत्मा बमोजिम देश सञ्चालन नभएको उनको भनाइ छ । संविधान मस्यौदा समितिका तत्कालीन सभापति समेत रहिसकेका राष्ट्रियसभाका सांसद सिटौलाले मंगलबार काठमाडौंमा भएको कार्यक्रममा अहिले देश कसको कन्ट्रोलमा छ भन्न गाह्रो रहेको बताएका हुन् ।

'अहिले राज्य सञ्चालन संविधान बमोजिम छ ? यहाँको प्रशासन, जुडिसियरी (न्यायालय), संवैधानिक निकायहरू इन्डिपेन्डेण्ट ढंगले के सञ्चालन छन् ?' सिटौलाले भने, 'मलाई लाग्छ; छैन । सबैले आफ्नो स्वतन्त्रता गुमाइसकेको अवस्था छ, आजको दिनमा । देश कसको कन्ट्रोलमा छ अनुमान गर्न र भन्न गाह्रो छ ।'

» बाँकी ३ पेजमा

## रास्वपा महाधिवेशन र चुनावको वैधतामा प्रश्नै प्रश्न




बुटवल । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को प्रथम महाधिवेशनबाट चुनिएका केन्द्रीय पदाधिकारीहरूको वैधानिकतामाथि गम्भीर कानुनी प्रश्नहरु उठेको छ ।

असार ७ गतेदेखि १२ गतेसम्म चितवनको भरतपुरमा रास्वपाको पहिलो महाधिवेशन भएको थियो, जहाँबाट रवि लामिछाने सभापतिमा सर्वसम्मत हुँदा केन्द्रीय सदस्य र केन्द्रीय पदाधिकारीहरूको चयन प्रक्रियामा कानुनी प्रश्न उठेका छन् ।

रास्वपाको महाधिवेशनको वैधानिकतामाथि उठेको पहिलो प्रश्न राजनीतिक दलमा १८ वर्षमुनिका बालबालिकालाई सदस्यता दिएर वडादेखि केन्द्रीय पदाधिकारीसम्म चयन गरिएको विषय पनि हो । संविधान, कानुन र विधिको वकालत गर्दै आएको रास्वपा आफैंले नेपालको संविधान र प्रचलित कानुनविपरीत बालबालिकालाई पार्टी सदस्यता दिएर प्रतिनिधि चयन गरेको आरोप लागेको छ ।

वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी बालबालिकालाई राजनीतिक दलको सदस्यता दिएर वडादेखि केन्द्रसम्म प्रतिनिधि चयन गर्नु प्रथम दृष्टिमै गलत भएको बताउँछन् ।

» बाँकी ३ पेजमा

## सुस्तावासीको माइतीघरमा धर्ना

बुटवल । भारतीय सीमावर्ती क्षेत्र सुस्ताका बासिन्दाले नागरिकता र भूमि अधिकारको माग गर्दै माइतीघरमा धर्ना दिएका छन् ।

सुस्ताको माटो बोकेर सरकारलाई घचघच्याउन आएका उनीहरूले भारतीय पक्षबाट आफूहरू थप पेलिन थालेको गुनासो गरेका छन् ।

भारतीय अतिक्रमण रोक्न कुटनीतिक पहल र सीमा सुरक्षा मजबुत गरिनुपर्ने, सुस्तावासीलाई तत्काल नेपाली नागरिकता दिनुपर्ने र भोगचलन गरिरहेको जग्गाको लालपुर्जा दिइनुपर्ने उनीहरूको प्रमुख माग छ ।

प्रधानमन्त्री बालेन्द्र शाहको सीमाबारे संसदमा विवादास्पद भनाइपछि भारतीय सुरक्षाकर्मीबाट थप प्रताडित हुनुपरेको प्रदर्शनकारीले बताएका छन् । 'सुस्ता बचाउ अभियान' को आव्हानमा सुस्ताबासीले धर्नासहितको आन्दोलन थालेका हुन् ।

आफ्ना पीडा बताउन पटक-पटक प्रधानमन्त्रीको सचिवालयमा अनुरोध गरे पनि समय नदिइएको उनीहरूको गुनासो छ ।

## प्रधानमन्त्रीका कानुनी सल्लाहकारको अभिलेख पेश गर्न आदेश

बुटवल । सर्वोच्च अदालतले महान्यायाधिवक्ता नारायणदत्त कँडेल १२ वर्षदेखि नेपाल र बेलायत आउजाउ गर्दाको प्रमाणित अभिलेख पेश गर्न अध्यागमन विभागका नाममा आदेश दिएको छ ।

महान्यायाधिवक्ता डा. नारायणदत्त कँडेलको योग्यतामाथि परेको रिट निवेदनको सुनुवाइपछि सर्वोच्च अदालतले कँडेलको नेपाल र बेलायत बसाइको सम्पूर्ण विवरण पेश गर्न आदेश दिएको हो । सर्वोच्च अदालतले सन् २०१५ देखि २०२४ सम्मको सम्पूर्ण विवरण झिकाउनु भनी आदेश गरेको हो ।

त्यसका साथै सर्वोच्च अदालतले कँडेललाई महान्यायाधिवक्तामा नियुक्तिका लागि सिफारिस गर्ने भनी २२ चैत, २०८२ मा प्रधानमन्त्रीबाट भएको निर्णय पनि झिकाएको छ । सर्वोच्च अदालतको न्यायाधीश सरहको योग्यता चाहिने महान्यायाधिवक्तामा कँडेलको योग्यता नपुग्ने दाबीसहित अधिवक्ता माधव कुमार बस्नेत, शिराज बराल र दीपकराज जोशीले सर्वोच्च अदालतमा छुट्टाछुट्टै निवेदन दिएका थिए ।

न्यायाधीशहरू विनोद शर्मा र सुनिल कुमार पोखरेलको इजलासले निर्णय र आवतजावतको विवरण पेश गर्न आदेश दिएको हो ।

## चिकित्सा शिक्षाका विद्यार्थीद्वारा प्रदर्शन




बुटवल । इन्स्टिच्युट अफ मेडिसिन (आइओएम)का एमबीबीएस तथा बीडीएस अध्ययनरत विद्यार्थीहरूले शैक्षिक सुधारका विभिन्न माग गर्दै माइतीघर मण्डलमा प्रदर्शन गरेका छन् ।

विद्यार्थीहरूले १९ वर्षदेखि लागू रहेको पाठ्यक्रम र परीक्षा प्रणाली तत्काल परिवर्तन गर्न, ब्याच ड्रप (Batch Drop) प्रणाली खारेज गर्न तथा परीक्षामा वस्तुगत र विषयगत दुवै प्रकारका प्रश्न समावेश गर्न माग गरेका छन् । त्यसैगरी, परीक्षाको तालिका व्यावहारिक बनाई पर्याप्त तयारीको समय सुनिश्चित गर्न, परीक्षामा सहभागी हुन पाउने अवसर (Attempts) को संख्या बढाउन तथा विद्यार्थीको मानसिक स्वास्थ्य, समय र भविष्यको सुरक्षा सुनिश्चित गर्न पनि उनीहरूले माग गरेका छन् ।

पहिलो वर्षमा ८ पटक र दोस्रो वर्षमा ६ पटकसम्म परीक्षा दिन पाउने व्यवस्था गर्नुपर्ने उनीहरूको भनाइ छ । उनीहरूले शैक्षिक प्रणालीमा सुधार गरी विद्यार्थीमैत्री वातावरण बनाउन सम्बन्धित निकायको ध्यानाकर्षण गराएका छन् ।

## बुटवलका मेला र औद्योगिक प्रदर्शनीलाई व्यवस्थित बनाउन चार संस्थाबिच सहमति




बुटवल । बुटवलका चार प्रमुख व्यावसायिक संस्थाले बुटवलमा आयोजना हुने मेला, महोत्सव र औद्योगिक प्रदर्शनीलाई व्यवस्थित बनाउन साझा सहमति गरेका छन् । खासगरी बुटवल मण्डपमा हरेक वर्ष पुसमा आयोजना हुने औद्योगिक व्यापार मेला र औद्योगिक प्रदर्शनी प्रदेशकै ब्राण्ड बनेकाले यसको गरिमालाई कायम राख्न र समय सापेक्ष थप परिस्कृत बनाउन चार संस्थाले एक आपसमा सहकार्य गर्ने गरी साझा सहमति गरेका हुन् ।

उद्योग व्यापार संघ बुटवलको पहलमा बुटवल उद्योग वाणिज्य संघ, रुपन्देही उद्योग संघ र रुपन्देही व्यापार संघबीच भएको संयुक्त बैठकले आगामी प्रत्येक पौष महिनामा सञ्चालन हुने औद्योगिक व्यापार मेला तथा औद्योगिक प्रदर्शनीलाई उच्च प्राथमिकता दिने सहमति गरेको हो । एउटा संस्था आयोजक हुँदा अन्य तीन संस्था मुख्य सहयोगी संस्थाको रुपमा औपचारिकरुपमै सहकार्य गर्ने बैठकले निर्णय गरेको छ ।

संयुक्त सहमति पत्रअनुसार बुटवल मण्डपमा पुसमा आयोजना हुने औद्योगिक व्यापार मेला वा औद्योगिक प्रदर्शनीलाईको तयारीका लागि कम्तीमा एक महिनाको अवधि आवश्यक पर्ने भएकाले सो अवधिभित्र प्रदर्शनी स्थलमा अन्य मेला, महोत्सव वा कार्यक्रम सञ्चालनका लागि अनुमति नदिन बुटवल उप-महानगरपालिकासँग अनुरोध गर्ने निर्णय गरिएको छ । बुटवल उपमहानगरले चार संस्थाले साझा निर्णय गरेर आउन भनेपछि उनीहरुले संयुक्त बैठक बसेर यस्तो सहमति गरेका हुन् ।

सहमति पत्रमा तीन दिनभन्दा बढी अवधिका मेला तथा महोत्सव अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमै सञ्चालन गर्न अनुमति दिन सम्बन्धित निकायसँग अनुरोध गर्ने निर्णयसमेत गरिएको छ । यसबाट औद्योगिक व्यापार मेला वा प्रदर्शनीलाई विशिष्टिकृत, मर्यादित र विवदरहित बनाउन तथा शान्ति सुरक्षाका दृष्टिकोणले सुरक्षित रुपमा सम्पन्न गर्न सहयोग पुग्ने चार संस्थाको ठम्याई छ ।

चार संस्थाले बुटवललाई ऐतिहासिक, भौगोलिक तथा आर्थिक रूपमा लुम्बिनी प्रदेशको प्रमुख व्यापारिक केन्द्रका रूपमा थप स्थापित गर्न तथा व्यापार, उद्योग, लगानी र आर्थिक गतिविधि विस्तार गर्न संयुक्त रूपमा सहकार्य गरेर काम गर्ने प्रतिबद्धता पनि व्यक्त गरेका छन् ।

» बाँकी ३ पेजमा



## सम्पादकीय

# सुकुम्वासीप्रति किन निर्मम बन्दैछ सरकार ?

गरिबी कसैको रहर होइन्, सुकुम्वासी भएर नदी खोला किनारमा अव्यवस्थित ढंगले बस्न कसलाई पो रहर होला र। सरकार अहिले सुकुम्वासी र गरिबलाई साँच्चै उनीहरुले रहरले भएका हुन् झैं व्यवहार गरिरहेको छ। गरिबी र पछौटेपन हाम्रा समस्या हुन्, ती समस्यालाई राज्यले सही नीति कार्यान्वयन गरी पराजित गर्नुपर्नेछ, तर यहाँ गरिबलाई समस्या देख्ने प्रवृत्ति छ।

बैशाख १२ गते काठमाडौंको बागमती किनारका सुकुम्वासी बस्ती हटाएर विभिन्न होल्डिङ सेन्टरमा राखियो । विना विकल्प सुकुम्वासी बस्तीमा डोजर चलाउँदा बालबालिकाको स्कुल जाने तालिका बिथोलियो। उनका अभिभावकको रोजगारीमा जाने मेलो मासियो। काम गर्ने एकातिर सरकारले तोकेको होल्डिङ सेन्टर अर्कातिर हुँदाको समस्या भोग्नेलाई थाहा हुन्छ। राज्यले नागरिकलाई सुरक्षित ठाउँमा राख्न जति आवश्यक छ, उनीहरुको आत्मसम्मानमा परेको घाउलाई पुर्न सक्नुपर्छ, तर राज्य नागरिकको आत्मसम्मानमा पटक्कै ध्यान दिएन्। बस्तीमा एक्कासी डोजर चलाई उठाएर होल्डिङ सेन्टरमा राखियो। अहिले सरकार भन्दैछ,– पाँच दिनभित्र होल्डिङ सेन्टर छाड्नु। पहिले विकल्पको व्यवस्था हुन्छ भनियो। अहिले विकल्प विना होल्डिङ सेन्टरबाट हटाइदैछ। साता अघि काठमाडौंका प्रमुख जिल्ला अधिकारी र अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिका अध्यक्ष होल्डिङ सेन्टर पुगेर बैंक खातामा व्यवस्थापनका लागि २५ हजार रुपैयाँ आउने बताएका थिए। भएको घरमा सरकारले डोजर लगाइदियो। सरकारले दिने २५ हजार रूपैयाँले के व्यवस्थापन हुन्छ ? यसपछिको विकल्प के हो ? मध्य बर्खाको समय छ, यो बेला शहरमा विद्यार्थीको चाप छ। कोठा पाउन समस्या छ। सरकारले दिने २५ हजार रुपैयाँले विकल्पको व्यवस्थापन हुँदैन। सरकारले स्थायी व्यवस्थापन गर्ने भनेको, तर अहिलेसम्मको तयारी हेर्दा उनीहरु आशावादी हुन सकिरहेका छैनन्।

सरकार सुकिलामुकिलाको मात्रै होइन्, राज्यले गरिब र सीमान्तकृत समुदायलाई पनि सम्मानित व्यवहार गर्नुपर्छ । अहिले राज्यले समझदारीका आधारका होइन्, बलजफ्ती नागरिकलाई धाकधम्की र मुढेबलमा उनीहरुलाई व्यवस्था गर्न खोज्दैछ। जुन देशका सीमान्तकृत नागरिकप्रति राज्य असहिष्णु हुन्छ, त्यो मुलुकमा अन्ततः विद्रोह निश्चित छ। के साँच्चै शहरी गरिबहरु विद्रोहमा गए यो सरकारले थेग्न सक्छ ? नागरिकप्रति सम्मानको वातावरण बनाउने दायित्व राज्यको हो। संविधानले विभेदरहित समाजको कल्पना गरेको छ, हरेक नागरिकलाई सम्मानपूर्वक बाँच्न पाउने हकको रुपमा मौलिक हकको रुपमा व्यवस्था गरेको छ। सरकारले संवैधानिक प्रबन्धको बेवास्ता गरेर नागरिकलाई किनारा लगाउन सक्ला, तर यो लोकतन्त्रमाथिको प्रहार हो। लोकतान्त्रिक प्रणालीमा सहमति, सहकार्य र हार्दिकता हुन्छ। ती सबै विषयलाई धुतिसाल बनाएर अघि बढ्न खोज्ने प्रवृत्ति फासिवादी प्रवृत्ति हो।

सरकार अझै चेत खुल्छ भने सुकुम्वासीलाई सम्मानित नागरिकको व्यवहार गर। उनीहरुलाई पनि राज्य हाम्रो पनि हो भन्ने अपनत्व गर्ने वातावरण बनाऊ। नागरिकको अपनत्वले मात्रै लोकतन्त्र जीवित हुन्छ।

# वर्ण व्यवस्था र जनै संस्कार



झपेन्द्र जिसी

सिन्ध वा हिन्दु प्रान्तमा बसोबास गर्ने मानव जातिलाई हिन्दु भनियो। मानव जातिका उत्पत्ति र विकासबारे इस्लामहरुको कुरान ग्रन्थमा मोहम्मदले, बाइबल ग्रन्थमा प्रभुले, हिन्दु धम ग्रन्थहरु वेद, पुराण उपनिषद र गीतामा ब्रह्मा-विष्णुले मानव जातिको उत्पत्ति गरेको भनिन्छ। यी सबै उटपट्याङ कुरा हुन्। तर उटपट्याङ भए पनि मानव जातिका आ-आफ्नो अड्कल र अनुमान छन्। त्यतातिर नजाऔं होला।

**विषय प्रवेशः** हाम्रो नेपाली समाजमा वर्ण व्यवस्था र जैन संस्कार सिन्ध (हिन्द) प्रान्ततिर गौतमबुद्ध (इ.५६३)को जन्मभन्दा केही समय पहिले प्रवेश गरेको पाइन्छ । जैन संस्कार र वर्ण व्यवस्था, जनकपुर हुँदै काठमाडौं उपत्यकामा इसाको प्रथम शताब्दीमा प्रवेश गऱ्यो भने लुम्बिनी र कर्णाली प्रदेशमा आठौं शताब्दीमा प्रवेश गरेको पाइन्छ। हिन्दु वर्ण व्यवस्थाको संवाहक लिच्छवि राजवंशी नै हो । त्यही कालदेखि क्रमशः मान्देवको मानाङ्क मुद्रा, चाङ्गु नारायण मन्दिर, अंशु बर्माको कैलाशकुट भवन आदिले वैष्णवमार्गी, हिन्दु मार्गी, बुद्ध मार्गी काठमाडौं उपत्यकाको ऐतिहासिक इतिहास प्रकट गर्दछन्। वैष्णव धर्म र शैव धर्म मात्रै होइन वैशालीबाट आएका लिच्छविहरु बौद्धमार्गी पनि थिए।

स्वयम्भुनाथ, पशुपतिनाथ क्षेत्रका अभिलेख र शिलापत्रले तत्कालीन समाजको चित्रण गर्दछन् । बौद्ध धर्म मान्नेहरुमा छुवाछुत प्रथा थिएन। किनकि स्वयं बुद्धले छुत भनिएका सुजाता, उपाली र प्रकृति जस्ता पात्रलाई प्रवज्या गरेर उपदेशक बनाउनु भएको इतिह आसमा लेखक जंगबहादुर शाहले लेख्नु भएको छ । सांस्कृतिक महारथी एवं लेखक मोदनाथ प्रश्रित मानवताको कलंक जातपात र छुवाछुत पुस्तकमा श्री प्रश्रितजी लेख्नुहुन्छ । कठिन काम गर्ने श्रमजीवीलाई शुद्र र अछुत बनाइयो।

सिन्धलाई हिन्द भनेको पारसीहरुले हो । पारसीहरुको उच्चारणमा सन भएकाले हिन्द भने । यही हिन्दबाट हिन्दु बन्यो। सिन्ध वा हिन्दु प्रान्तमा बसोबास गर्ने मानव जातिलाई हिन्दु भनियो । मानव जातिका उत्पत्ति र विकासबारे इस्लामहरुको कुरान ग्रन्थमा मोहम्मदले, बाइबल ग्रन्थमा प्रभुले, हिन्दु धम ग्रन्थहरु वेद, पुराण उपनिषद र गीतामा ब्रह्मा-विष्णुले मानव जातिको उत्पत्ति गरेको भनिन्छ। यी सबै उटपट्याङ कुरा हुन् । तर उटपट्याङ भए पनि मानव जातिका आ-आफ्नो अड्कल र अनुमान छन् । त्यतातिर नजाऔं होला।

साँच्चै भन्ने हो भने जीव वैज्ञानिक डार्बिनको मत र अन्य जीव वैज्ञानिक र मानव वैज्ञानिक र समाजशास्त्रीहरुको मतअनुसार जलमा उत्पन्न भएको एक कोशीय हाडविहीन प्राणीबाट क्रमशः करोडौं वर्षको अन्तरालमा तिनै एक कोशीय डडाल्नोविहीन प्राणली जल र थल अनि नवमा क्रमशः उड्ने, कुन्दने, घस्रिएर हिंड्ने प्राणीहरुको उत्पति र विकास भयो। बस्ने भए भन्ने छ। तिनै प्राणीबाट विकसित हुँदै गएको वानर (एपीइ) चिम्पान्जी वोराङ् कोटान जस्ता मध्येबाट दुई खुट्टाले हिंड्न सक्ने नर वानर उत्पत्ति भयो। सिद्धार्थ राजमार्गको दायाँ पहरोमा फेला परेको बङ्गराको वैज्ञानिक प्रशिक्षण गर्दा त्यो प्राणी रामापिथेकस भएको वैज्ञानिकहरुले प्रमाणित गरे। अफ्रिकाको केनियालगायतमा त्यस्ता रामापिथेकसहरु भएको कुरा वैज्ञानिकहरुले प्रमाणित गरेका थिए। यसरी क्रमशः अंग प्रत्यङ्गको विकासका साथै आवश्यकताले गर्दा त्यही प्राणीले ढुंगा टिपेर शत्रुलाई हान्न सक्ने र तिनै ढुंगालाई घोटेर ढुङ्गे हतियार बनाउन सक्षम भयो। अब प्रश्न उठ्छ ? त्यो कसरी ? त्यसो भएत जंगलका सबै वानरहरु मान्छे बन्नु पर्ने हो ? किन मान्छे बनेन् ?

यसको उत्तर सरल छ। जनावर र मान्छेमा भिन्नता भनेकै के हो भने मान्छेले आफूलाई चाहिने हातहतियार बनाउन र प्रयोग गर्न जान्यो तर पशुपंक्षीले जानेन्। अहिलेलाई यति नै हेर्नुनस् । रुस, जर्मनी, बेलायत, चीन, अमेरिका लगायतले आदिले के के आविष्कार गर्न जाने र सके । यो कलमले यस्तो लेखिरहँदा ओंठे जवाफ आउन सक्छ- त्यो हो हाम्रा ऋषिमुनिले पनि त मंगलम् भगवान विष्णु, मंगलम् गरुढध्वज जस्ता ऋचा (मन्त्र)ले भरिदिएका ऋग्वेद अथर्व वेद, यजुवेर्द सामवेद उपनिषद् पुराणहरु मनुस्थिति आदि लेख्न सके।

प्रश्न गरौं- हो लेखे विद्धान रहेछन् । भारतीय उपमहादीपमा त्यसको उपादेयता के हो त ? मानव कल्याण के भयो त ? त्यसले के गऱ्यो त ? विद्वता कसका लागि भयो त ? व्यवसायिक जातिहरुलाई निचजाति र अछुत बनाउनु र आफ्नो ब्राह्मण जातिलाई उच्च बनाउनु के यसको उद्देश्य होइन त ? श्रमजीवी जनतालाई छुवाछुत गर्न बनाइनु विद्वता हो त ?

यिनै प्रश्नहरुमा उभिएर केही लेख्न खोजिएको छ।

छुवाछुत प्रथा, जनै संस्कार र खस समाज : ऐतिहासिक स्रोतहरूको आधारमा एक अध्ययन भूमिका

नेपालको इतिहासमा सबैभन्दा धेरै बहस हुने विषयहरूमध्ये छुवाछुत, जनै संस्कार र खस समाजको इतिहास पनि एक हो। कतिपयले छुवाछुत वैदिक कालदेखि नै थियो भन्छन् भने कतिपयले यो पछि विकसित भएको सामाजिक व्यवस्था हो भन्ने तर्क गर्छन्। उपलब्ध वैदिक साहित्य, धर्मसूत्र, स्मृतिग्रन्थ, शिलालेख र आधुनिक इतिहास अनुसन्धानलाई आधार मान्दा छुवाछुतको विकास क्रमिक रूपमा भएको देखिन्छ।

१. आदि वैदिक काल : छुवाछुतको स्पष्ट व्यवस्था थिएन

प्राचीन वैदिक साहित्यमा पर्ने चार वेद–
- ऋग्वेद
- अथर्ववेद
- यजुर्वेद
- सामवेद

मध्ये विशेष गरी ऋग्वेद १०.९० (पुरुषसूक्त) मा चार वर्णको उल्लेख गरिएको छ-

ब्राह्मणोऽस्य मुखमासीद् बाहू राजन्यः कृतः।
ऊरू तदस्य यद्वैश्यः पद्भ्यां शूद्रो अजायत ॥

ब्राह्मण मुखमा रहेका छन्। राजन्य (राजा) बाहुमा र वैष्णव घुँडामा र शूद्र पैतालामा रहेका छन्।

यस मन्त्रले ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्रको प्रतीकात्मक उत्पत्तिको वर्णन गर्छ। तर यसमा शूद्रलाई अछुत भन्नु, छोएमा अशुद्ध हुने वा सामाजिक बहिष्कार गर्ने व्यवस्था छैन।

यसैले अधिकांश इतिहासकारको निष्कर्ष छ कि आदि वैदिक कालमा आजको अर्थमा छुवाछुत संस्थागत भएको प्रमाण भेटिँदैन।

२. उत्तरवैदिक काल

ब्राह्मण ग्रन्थ, आरण्यक र उपनिषद्हरूको समयमा वर्णव्यवस्था थप विकसित भयो।

तर उपनिषद्हरूको मुख्य विषय आत्मा, ब्रह्म, मोक्ष र दर्शन भएकाले छुवाछुतका विस्तृत नियम त्यहाँ मुख्य विषय बनेका छैनन्।

३. धर्मसूत्र काल

समाजलाई नियमबद्ध गर्न लेखिएका धर्मसूत्रहरूमा पहिलो पटक शुद्ध-अशुद्ध, सामाजिक दूरी, भोजन र अन्त्यज संस्कार सम्बन्धी विस्तृत नियम देखिन थाल्छ।

मुख्य ग्रन्थहरूः
- गौतम धर्मसूत्र
- आपस्तम्ब धर्मसूत्र
- बौधायन धर्मसूत्र
- वसिष्ठ धर्मसूत्र

यिनमा चाण्डाललाई अछुत लेखिएको छ। अन्त्यज, भोजन र सामाजिक सम्पर्कका नियम उल्लेख गरिएका छन्।

४. स्मृति काल

छुवाछुतसम्बन्धी सबैभन्दा विस्तृत व्यवस्था स्मृतिग्रन्थहरूमा पाइन्छ।

विशेषतः:
- मनुस्मृति
- याज्ञवल्क्य स्मृति
- नारद स्मृति

मनुस्मृतिको अध्याय ५ मा शुद्ध-अशुद्ध, अध्याय १० मा अन्त्यज, मिश्रित जाति तथा सामाजिक विभाजनको विस्तृत वर्णन गरिएको छ।

यही कालसम्म आइपुग्दा सामाजिक विभाजन कानुनी र धार्मिक दुवै रूपमा बलियो बन्दै गएको देखिन्छ।

५. जनै संस्कारको विकास

जनै (यज्ञोपवीत) वैदिक उपनयन संस्कारसँग सम्बन्धित हो।

यसको उद्देश्य वेद अध्ययनमा प्रवेश गराउनु थियो।

प्रारम्भमा यो संस्कार मुख्यतः द्विज (ब्राह्मण, क्षत्रिय र वैश्य) का लागि मानिएको थियो।

यसैले जनै संस्कृतिको उत्पत्ति वैदिक-ब्राह्मणीय परम्पराबाट भएको मानिन्छ।

६. खस समाजको अवस्था

कर्णालीका प्राचीन खसहरूको आफ्नै मौलिक संस्कृति थियो।

उनीहरूको धार्मिक जीवनमा
- मष्टो पूजा
- कुलदेवता
- धामी-झाँक्री
- शैव परम्परा (छुवाछुत विहीन थियो)
- स्थानीय देवीदेवताको प्रभाव बलियो थियो।

हालसम्म प्राप्त ऐतिहासिक प्रमाणका आधारमा प्रारम्भिक खस मल्ल राजाहरू सबै जनैधारी थिए भन्ने प्रत्यक्ष प्रमाण भेटिएको छैन। कर्णाली प्रदेशका खसहरुले जैन पनि लगाउँदैन थिए र छुवाछुत प्रथा पनि थिएन। आठौं शताब्दीमा शंकाराचार्य र कुमारी भट्ट लुम्बिनीमा प्रवेश गरी ८४ हजार बौद्ध ग्रन्थ ध्वस्त पार्नुका साथै जनै संस्कारको सुरुवात भएको र क्रमशः कर्णाली क्षेत्रका सामन्त खस राजाहरुले जैन धारण गर्न थालेको पाइन्छ। यसरी नै प्यूठान ओखर कोटका सामन्त राजा परश घर्तीलाई कन्ठु जैसीले जनै लगाइदिएको पाइन्छ।

यसरी नै गण्डकी लुमजुङ गोरखाका मगर सामन्त राजा कुलमण्डन खाम र उनका सन्ततिहरु द्रव्य खामलाई नारायण अर्याल र गणेश पाँडेले जनै लगाइदिएको पाइन्छ। पछि तिनै राजाहरुले मुगल शाह बादशाहरुबाट शाह पदवी (टाइटल पाई) शाह लेखेको पाइन्छ। यसरी जनै लगाएका मगरहरु जैनधारी मगर र गैर जनैधारी भए। सबैलाई नै धारण गराउन पाएकोमा पुरोहित पण्डितहरु जजमानको संख्या बढाउन पाएकोमा उनीहरु खुशी भए। उनीहरु खुशी भए भने जैनधारण गरी मगरहरु ठकुरी बन्न पाएकोमा अवसरमा उनीहरु पनि खुशी भए। तर व्यवसायी शुद्रहरु अछुतका अछुत भए।

७. वैदिकीकरण

समयसँगै पश्चिम नेपालमा ब्राह्मणहरूको प्रभाव बढ्दै गयो।

यस क्रममाः
- उपनयन संस्कार फैलियो।
- जनै लगाउने चलन बढ्यो।
- धेरै खसहरूले आफूलाई क्षत्रिय भन्न थाले।
- ब्राह्मण पुरोहितको प्रयोग बढ्यो।

यस प्रक्रियालाई समाजशास्त्रीहरूले वैदिकीकरण भन्छन्।

८. मुलुकी ऐन र जातीय विभाजन

वि.सं. १९१० (१८५४ ई.) मा जारी मुलुकी ऐनले नेपाली समाजलाई कानुनी रूपमा मान्यता दिइयो।
- टागाधारी
- मतवाली
- पानी चल्ने
- पानी नचल्ने
- छुवाछुत लाग्ने

आदि वर्गमा विभाजन गर्यो।

यसपछि छुवाछुत केवल सामाजिक अभ्यास मात्र नभई राज्यद्वारा पनि मान्यता प्राप्त व्यवस्था बन्यो। स्मरण रहोस् नेपालमा काठमाडौं उपत्यकामा लिच्छविकालदेखि शुरु भएको जातिय विभाजन र छुवाछुत प्रथा राजा जयस्थिति मल्लकालमा झन् व्यापक भयो। जयस्थिति मल्लले चार वर्ण ६४ जातको व्यवस्था गरे।

निष्कर्ष

उपलब्ध ऐतिहासिक प्रमाणका आधारमा निम्न निष्कर्ष निकाल्न सकिन्छः
- आदि वैदिक कालमा आजको अर्थको छुवाछुत स्पष्ट रूपमा देखिँदैन।
- धर्मसूत्र र स्मृतिग्रन्थहरूमा सामाजिक शुद्ध-अशुद्ध र अस्पृश्यताका नियम विस्तृत रूपमा विकसित भएका छन्।
- जनै संस्कार वैदिक-ब्राह्मणीय परम्पराबाट आएको हो।
- खस समाजमा क्रमशः वैदिकीकरण हुँदै जनै संस्कृतिको विस्तार भयो।
- मुलुकी ऐनले जातीय विभाजनलाई कानुनी रूप दियो।

नेपालको इतिहासमा सबैभन्दा धेरै विवाद हुने विषयहरूमध्ये एक हो–के खस राजाहरू र खस क्षत्रीहरू सुरुदेखि नै जनैधारी थिए ? अथवा जनै संस्कार आठौं शताब्दीपछि भित्रिएको हो ? तर आज वर्णव्यवस्था र छुवाछुत प्रथा मानव जातिको कलंकको रुपमा उपस्थित भएको छ।

स्मरण रहोस् वैसालीका बौद्ध राजा वृहद्रथलाई आफ्नै सेनापति कुषशुङ्ग मित्रले हत्या गरी आफै राजा भएपछि भारतभरि हिन्दु धर्मको प्रचारप्रसार व्यापक रुपमा हुन थाल्यो। आदि शकांराचार्य र कुमारिल भट्टजस्ता हिन्दु विद्धानहरुले हिन्दु धर्म संस्कारलाई क्रमशः अगाडि बढाए।

# नेप्से परिसूचक २४.६३ अङ्कले घट्यो



काठमाडौं । धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक मंगलबार पनि ओरालो लागेको छ।

नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक २४ दशमलव ६३ अङ्कले ओरालो लागेर दुई हजार ६०८ दशमलव ३३ मा सीमित भएको छ। ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक तीन दशमलव शून्य चार अङ्कले ओरालो लागेर ४५२ दशमलव ७९ अङ्कमा सीमित भएको छ।

कूल ३६५ कम्पनीको ८७ लाख ३७ हजार ३९२ कित्ता शेयर रु तीन अर्ब २५ करोड ८७ लाख ५८ हजार १४ मूल्यमा खरिद बिक्री भएको छ । नेप्सेका अनुसार, कारोबारका आधारमा सिद्धार्थ बैंक शीर्ष स्थानमा छ। टक्सार पिखुवा खोला हाइड्रोपावर, आँखु खोला जलविद्युत् कम्पनी, एनआरएन इन्फ्रास्ट्रक्चर, याम्बलिङ हाइड्रोपावर शीर्ष पाँचभित्र पर्न सफल भएका छन्।

नेप्सेका अनुसार स्नो रिभर लिमिटेड, कर्पोरेट डेभलपमेन्ट बैंक, स्वाभिमान लघुवित्त, स्ट्यार्ण्डड चार्टड बैंकको डिवेञ्चर र सिर्जनशील लघुवित्तका लगानीकर्ताले कमाएका छन् । टक्सार पिखुवा खोला हाइड्रोपावर, याम्बलिङ हाइड्रोपावर, सोपान फर्मासिटिकल्स, श्रीनगर एग्रीटेक र पियोर इनर्जीका लगानीकर्ताले भने गुमाएका छन्।

# गर्मीमा प्रतिरक्षा बढाउन यी पेय पदार्थ सेवन गर्नुहोस्

प्रतिरक्षा प्रणाली (इम्युनिटी पावर) बलियो बनाउन भिटामिन 'सी' र एन्टिअक्सिडेन्टयुक्त पेय पदार्थहरू अत्यधिक लाभदायक हुन्छन्।

बिहान मनतातो पानीमा कागतीको रस वा अमलाको जुस पिउनु सबैभन्दा उत्तम मानिन्छ। यसका साथै ग्रिन टी, अदुवा-तुलसीको चिया र चुकन्दरको जुसले शरीरको रोग प्रतिरोधी क्षमता छिटो बढाउन मद्दत गर्छन्।

पोषणविद् अतुल उपाध्याय दैनिक जीवनमा समावेश गर्न सकिने केही मुख्य पेय पदार्थहरू कागती पानी, बिहान मनतातो पानीमा आधा कागती निचोरेर पिउनाले शरीरमा भिटामिन 'सी' प्राप्त हुने र विषाक्त पदार्थ बाहिर निस्कने बताउँछन्।

**अमला र चुकन्दरको जुस**

अमलामा भिटामिन सी र चुकन्दरमा पाइने पोषक तत्त्वले रगत बढाउनुका साथै इम्युनिटी बुस्ट गर्छ। अदुवा, मह र तुलसीको चियाः अदुवा र तुलसीको रसमा मह मिसाएर खाँदा रुघाखोकी जस्ता संक्रमणबाट बच्न सकिन्छ।

**बेसार र दुध**

सुत्ने बेलामा मनतातो दुधमा थोरै बेसार मिसाएर खाँदा शरीरको रोग प्रतिरोधी क्षमता बढ्छ।

**स्याउको जुस**

स्याउले मानव शरीरलाई चाहिले धेरै किसिमका तत्वहरुको परिपूर्ति गर्दछ। दैनिक एउटा स्याउँ खाँदा त्यो व्यक्तिले कहिल्यै डाक्टरकोमा जान पर्दैन भन्ने भनाइ नै छ। त्यसैले स्याउ खानु स्वास्थ्यका लागि निकै लाभदायक मानिन्छ।

**ब्रोकाउली जुस**

ब्रोकाउलीको जुस सेवन गर्नाले यसमा पाईने सल्फर ले शरीरको विषादी हटाउने काम गर्छ र तपाईंलाई स्वस्थ रहन मद्दत गर्छ।

**कागतीको रस**

कागतीको सेवनले रोग प्रतिरक्षा क्षमता बढाउन मद्दत गर्छ। कागतीमा प्रसस्त मात्रामा भिटामिन सी एन्टीअक्सीडेनट पाइने हुँदा यसले विविध प्रकारका रोगको आक्रमणबाट बचाउँछ।

**ग्रिन टी**

यसमा पाइने 'पोलिफेनोल' नामक एन्टिअक्सिडेन्टले रोग प्रतिरोधी क्षमता बलियो बनाउन मद्दत गर्छ।

स्वास्थ्य खबरबाट

**संघीयतालाई...**

सिटौलाले संसद् भंग गरेर सुशीला कार्कीको नेतृत्वमा सरकार बनेको दिनदेखि नै संविधान ट्रयाक बाहिर गएको दाबी गरे। 'संसद् भंग गरेर सरकार बनाउने राष्ट्रपतिको त्यो कदम हामी मान्न बाध्य भयौं। देश थाम्ने दलहरू अत्यन्त नाजुक भए, अझै नाजुक बन्दैछन्।'-सिटौलाले भने।

जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले नेपालमा संघीय शासन प्रणाली बहिष्करणको अन्त्य, विविधताको सम्मान तथा राज्यशक्तिको विकेन्द्रीकरणका लागि दशकौँ लामो राजनीतिक संघर्षको परिणामस्वरूप स्थापित भएको बताए। 'हामीले संघीयता गुमायौँ भने समावेशिता, लोकतन्त्र र अन्ततः संविधान नै गुम्ने जोखिम रहन्छ।'- उनले भने। प्रदेश संरचनालाई कमजोर बनाउनेभन्दा यसको संस्थागत क्षमता अभिवृद्धि गर्नुपर्नेमा उनको जोड छ।

जनमत पार्टीका अध्यक्ष डा. सीके राउतले संविधान संशोधन लोकतान्त्रिक प्रक्रियाको वैध अभ्यास भए पनि अहिले समस्या संविधान संशोधनमा होइन, संविधानको खारेजी होला कि भन्ने डरमा रहेको बताए।

संघीयताका पक्षधरहरूले डिजिटल माध्यम र एल्गोरिदमले निर्देशित सूचना परिवेशअनुसार आफूलाई रूपान्तरण गर्दै युवापुस्तासम्म पुग्न सहज, तथ्यमा आधारित तथा विश्वसनीय सामग्री उत्पादन गर्नुपर्ने आवश्यकता औँल्याए।

श्रम स्वीकृति पार्टीका सांसद आरेन राईले संघीयता कार्यान्वयनलाई प्रभावकारी बनाउन रचनात्मक संसदीय भूमिका तथा तथ्यमा आधारित सार्वजनिक संवादको महत्त्वमा जोड दिए। आफ्नो पार्टी सदैव संघीयताको पक्षमा चट्टानझैं खडा हुने प्रतिबद्धता जनाए।

**'संविधान संशोधनमा संख्याभन्दा सहमति आवश्यक'**

राष्ट्रिय स्वतन्त्र पार्टीका सचेतक प्रकाशचन्द्र परियारले संविधान संशोधनका लागि संख्याभन्दा प्रमाण र सहमति आवश्यक हुने बताए।

लोकतान्त्रिक शक्तिहरूले आफ्नो लोकतान्त्रिक इतिहास र योगदानलाई प्रभावकारी रूपमा जनतासम्म पुऱ्याउन नसकेको स्वीकार गर्दै उनले संघीयताका उपलब्धि तथा यसको संवैधानिक औचित्यबारे प्रभावकारी सार्वजनिक सञ्चार आवश्यक रहेकोमा जोड दिए।

छलफलमा सहभागी पजेनजी अगुवा माजिद अन्सारीले 'बहस अब प्रदेश महँगो छ कि छैन भन्ने होइन, संघीय सरकार महँगो छ कि छैन भन्ने हुनुपर्ने' बताए।

युवा अगुवा अदिति साह, विनोद देउवालगायतले संविधान संशोधन प्रमाण, कार्यान्वयन अनुभव र व्यापक राजनीतिक सहमतिमा आधारित हुनुपर्नेमा जोड दिए।

**रास्वपा...**

'राजनीतिक दलसम्बन्धी ऐन २०७३ ले बालबालिकालाई राजनीतिक गतिविधिमा प्रयोग गर्न प्रतिबन्ध लगाउँदै १८ वर्ष पूरा भएपछि मात्र राजनीतिक दलको सदस्यता पाउन योग्य हुने व्यवस्था गरेको छ,' त्रिपाठी भन्छन्-'यसरी राजनीतिक दल सम्बन्धी ऐनको विपरीत गएर प्रतिनिधि चयन भएको अवस्थामा वडादेखि केन्द्रसम्मका कमिटी गठनको वैधानिकतामाथि प्रश्न उठिसक्यो।'

एउटा दलले जबर्जस्ती कानुनको धज्जी उडाउने काम गरेको विषयमा कानुनी प्रश्न उठाउँदै रिट दर्ता गर्न सकिने अवस्था रहेको त्रिपाठी बताउँछन्। बालबालिकालाई सदस्यता दिएर गरिएको चयनलाई कानुनी दृष्टिबाट वैध मान्न नसकिने अधिवक्ता त्रिपाठीको तर्क छ। रास्वपाको वडा, गाउँपालिका, जिल्ला, प्रदेश हुँदै केन्द्रीय कार्यसमिति चयनमा बालबालिकाको प्रयोग भएको देखिन्छ।

चितवनमा भएको सो पार्टीको प्रथम राष्ट्रिय महाधिवेशनमा महामन्त्री कविन्द्र बुर्लाकोटीले पेस गरेको सांगठनिक प्रतिवेदनमा १८ वर्षमुनिका ३५ हजार २५७ जना बालबालिका रास्वपाको सदस्य रहेको उल्लेख छ। सांगठनिक प्रतिवेदनअनुसार बागमती प्रदेशमा १३ हजार १, कोसीमा ६ हजार २३५, गण्डकीमा ५ हजार ११६, लुम्बिनीमा ३ हजार ६४८, मधेसमा ३ हजार ३०, सुदूरपश्चिममा २ हजार ८१३ र कर्णाली प्रदेशमा १ हजार ४१४ जना बालबालिका पार्टीका सदस्य छन्। यी सबै ३५ हजार २५७ जना १८ वर्ष उमेर मुनिका हुन्।

राजनीतिक दलसम्बन्धी ऐन २०७३ को परिच्छेद ३ मा दलको सदस्यता र संगठनात्मक संरचनाको विषय उल्लेख छ। उक्त ऐनको दफा १४ को १ मा विधान बमोजिम अधिकार प्राप्त पदाधिकारीले दलको सदस्यता वितरण गर्न सक्ने उल्लेख छ भने दफा १४ को २ को उपदफा (१) बमोजिम सदस्यता वितरण गर्दा १८ वर्ष पूरा भएको नेपाली नागरिक हुनुपर्ने योग्यता तोकिएको छ। राजनीतिक दल सम्बन्धी उक्त ऐन अनुसार राष्ट्रिय स्वतन्त्र पार्टीको केन्द्रीय प्रतिनिधिको वैधतामाथि कानुनी प्रश्न उठाउने ठाउँ देखिन्छ।

नेपालको संविधानको धारा ३९ का आधारमा बालबालिकासम्बन्धी ऐन २०७५ बनेको छ। उक्त ऐनको दफा ७ को उपदफा (७) मा राजनीतिक उद्देश्यका लागि बालबालिका प्रयोग गर्न नपाइने स्पष्ट व्यवस्था छ। ऐनको दफा ६६ ले राजनीतिक प्रयोजनका लागि संगठित गर्ने वा हड्ताल, बन्द, चक्काजाम, धर्ना वा जुलुसमा प्रयोग गर्ने कार्यलाई बालबालिका विरुद्धको कसुरका रूपमा परिभाषित गरेको छ। यस्तो कार्य गरे ८० हजार रुपैयाँसम्म जरिवाना र तीन वर्षसम्म कैदको व्यवस्था सोही ऐनको दफा ७२ को उपदफा (३) ले गरेको छ।

नेपाल पक्ष राष्ट्र रहेको संयुक्त राष्ट्रसङ्घीय बालअधिकार महासन्धि (UNCRC १९८९) ले पनि बालबालिकालाई राजनीतिक स्वार्थ तथा दुरुपयोग हुन नदिन राज्यलाई सचेत गराएको छ। दलहरूले आफ्ना विचार, सिद्धान्त र समसामयिक राज्य व्यवस्थासम्बन्धी धारणा बालबालिकासामु सञ्चार गर्ने र उनीहरूका मुद्दामा जवाफदेही हुने कुरा नागरिक शिक्षाअन्तर्गत पर्छ र यो सकारात्मक हो। तर दलको सदस्यता नै दिएर उनीहरूलाई सांगठनिक संरचनामा उभ्याउनु कानुन र बालअधिकारको स्थापित सिद्धान्तविपरीत हो।

यसअघि १० वर्षको सशस्त्र द्वन्द्वमा बालबालिका प्रयोग गरेको विषयमा तत्कालीन नेकपा (माओवादी) माथि पनि प्रश्न उठेको थियो। यस विषयमा सर्वोच्च अदालतले बालबालिकालाई सैन्य बलमा प्रयोग गर्न पूर्ण रूपमा निषेध गर्न र यसलाई दण्डनीय अपराध ठहर गर्ने कानुन बनाउन सरकारलाई निर्देशनात्मक आदेश जारी गरेको छ।

रास्वपाका नेता सोम शर्माले केन्द्रीय निर्वाचन आयोगमा उजुरी दिएका छन्।

प्रथम राष्ट्रिय महाधिवेशनबाट निर्वाचित केन्द्रीय सदस्यहरूको सूचीबाट आफ्नो नाम हटेपछि शर्माले आयोगमा उजुरी दिएका हुन्।

उनले मंगलबार गण्डकी भूगोलबाट निर्वाचित केन्द्रीय सदस्यको नामावलीबाट आफ्नो नाम हटाउनुको कारण जवाफ दिएर सूची फेरि सच्याउन माग गर्दै आयोगमा उजुरी दिएका हुन्।

चौथो उच्च मत प्राप्त उम्मेदवारलाई हटाएर पाँचौं स्थानभन्दा माथिको मत परिणामलाई नै उल्ट्याउने गरी गरिएको परिमार्जित निर्णयले विधानको मर्म, विधायकी मनसाय तथा विधानको दफा २२ (४) को व्यवस्था र निर्वाचनको आधारभूत सिद्धान्तसँग मेल नखाने शर्माले उजुरीमा उल्लेख गरेका छन्।

'त्यसैले मलाई निर्वाचित सूचीबाट हटाई गरिएको संशोधित भनिएको निर्णय वैधानिक, न्यायसंगत र विधिसम्मत देखिदैन,' उनले भनेका छन्- 'यसर्थ यो निर्णय वैधानिक ठहर्दैन। अतः विधान तथा घोषित मत परिणामको आधारमा मलाई गण्डकी प्रदेशबाट निर्वाचित केन्द्रीय सदस्यको रूपमा कायम गरियोस्।'

यसअघि महाधिवेशनमा उम्मेदवारहरूबाट नै बढी मत ल्याए पनि कलस्टर मिलाउने क्रममा निर्वाचित नभएको गुनासो आएपछि आयोगले सूची सच्याएर केन्द्रीय सदस्यहरूको नाम हेरफेर गरेको थियो।

सूची सच्याउने क्रममा आयोगबाट कृष्णमान श्रेष्ठसँगै सोम शर्माको नाम केन्द्रीय सदस्यबाट हटाइएको थियो। उनीहरूको स्थानमा ध्रुवकुमार थापामगर र पूजा बास्तोलालाई केन्द्रीय सदस्य बनाइएको छ।

'महाधिवेशन निर्वाचन कार्यविधि २०८३ अनुसार जनजाति क्लस्टरतर्फ कृष्णमान श्रेष्ठ निर्वाचित भएकोमा मत परिणाम तथा उम्मेदवारी दर्ता गर्दा पेश गरिएको कागजपत्र तथा प्रमाण अध्ययन गर्दा ध्रुवकुमार थापामगर निर्वाचित भएको देखिएकाले निज ध्रुवकुमार थापामगरलाई निर्वाचित भएको निर्णय गर्ने निर्णय गरियो,' आयोगले गरेको निर्णयमा भनिएको छ।

आयोगको उक्त निर्णय आफूमाथिको अन्यायमात्र नभएर मतदान गर्ने ९९३ जना प्रतिनिधिको जनादेशको समेत अवमूल्यन र अपमान भएको नेता शर्माको जिकिर छ।

'ममाथि भएको अन्यायलाई तत्काल सच्याई मेरो वैधानिक निर्वाचित हैसियत यथावत् कायम गर्न, निर्णयको कानुनी र तथ्यगत आधार सार्वजनिक गर्न तथा यस सम्बन्धमा आवश्यक स्पष्टीकरण उपलब्ध गराउन सम्बन्धित निकायसमक्ष जोडदार माग गर्दछु।'- शर्माले भनेका छन्।

उनले अन्यथा, आफ्नो संवैधानिक, राजनीतिक तथा कानुनी अधिकारको संरक्षणका लागि उपलब्ध सम्पूर्ण कानुनी उपचार र न्यायिक प्रक्रियाको अवलम्बन गर्न बाध्य हुने पनि उजुरीमा उल्लेख गरेका छन्।

'त्यसबाट उत्पन्न हुने सम्पूर्ण राजनीतिक, नैतिक र कानुनी जिम्मेवारी सम्बन्धित निकाय स्वयंले वहन गर्नुपर्नेछ।'- नेता शर्माले भनेका छन्। केन्द्रीय सदस्यका बांकेका एक उम्मेदवारको मतगणना नतिजामा नाम र मत परिणाम नै नआएपछि उनले पनि निर्वाचन समितिको भूमिकामा प्रश्न उठाएका थिए। यस्तै केन्द्रीय सदस्यमा निर्वाचित भएको घोषणा गरिएका कृष्णमान श्रेष्ठलाई अचानक केन्द्रीय सदस्यबाट हटाइएपछि उनी स्तब्ध बनेका छन्।

आयोगले १२ गतेको मिति राखेर हिजो मात्र निर्णय गरेको श्रेष्ठको दाबी छ। यस विषयमा आयोगले आफूलाई आधिकारिकरुपमा केही जानकारी नगराएको र मिडियाबाट थाहा पाएको श्रेष्ठ बताउँछन्।

रास्वपाको निर्वाचन आयोगले जनजाति क्लस्टरबाट निर्वाचित भएका कृष्णमानलाई विस्थापित गरेर उनको ठाउँमा ध्रुवकुमार थापामगरलाई छिराएको हो।

चुनावमा कृष्णमानभन्दा ध्रुवकुमारको मत धेरै थियो। तर, उनको नाम जनजाति क्लस्टरमा नभएर खुल्लामा भएकाले निर्वाचित हुन सकेनन्। अहिले फेरि उनलाई जनजाति क्लस्टरमै राखेर विजयी घोषणा गरिएको हो। थापाले आफ्नो थरमा मगर नजोडेकाले आयोग झुक्किएको दाबी गरिएको छ।

यता श्रेष्ठले भने बदनीयतपूर्वक आफ्नो नाम हटाइएको भन्दै पार्टीको निर्वाचन आयोगमा उजुरी दिएका छन्। उजुरीको बोधार्थ अनुशासन आयोगका प्रमुखलाई ह्वाट्सएपमा पठाएको श्रेष्ठले बताए।

साथै, उनले पार्टी सभापति रवि लामिछानेलाई पनि बेग्लै निवेदन दिएका छन्। श्रेष्ठका अनुसार उनी न्याय माग्न सभापतिको घरमै पुगेका थिए। सभापति नभेटिएपछि घरमा निवेदन छोडेर हिँडेको उनले बताए।

चार वर्षदेखि निरन्तर रास्वपामा योगदान दिँदै आए पनि आफूलाई पटक-पटक अन्यायमा पारिएको उनको गुनासो छ।

**३३ प्रतिशत प्रतिनिधिबाट पदाधिकारी चयनमा प्रश्न**

राष्ट्रिय स्वतन्त्र पार्टीको महाधिवेशनबाट मात्र ३३ प्रतिशत प्रतिनिधिको सहभागितामा केन्द्रीय पदाधिकारी चयन भएपछि यसको वैधानिकतामाथि पनि प्रश्न उठेको छ। प्राविधिक रूपमा चयन प्रक्रिया ठिक देखिए पनि वैधताको विषयमा भने संशय व्यक्त गरिएको छ। ६ दिनसम्म चलेको महाधिवेशनको पहिलो चरणमा केन्द्रीय प्रतिनिधि चयन गर्दा निर्वाचन समितिले सार्वजनिक गरेको नामावलीअनुसार ३ हजार ८८९ प्रतिनिधि बन्द सत्रमा सहभागी भएको देखिन्छ। जसमध्ये ७५.९१ प्रतिशत पहिलो चरणमा सहभागी भए।

तर पदाधिकारी छनौटको दोस्रो चरणको निर्वाचनमा कुल प्रतिनिधिमध्ये ३३.०७ प्रतिशत अर्थात् १ हजार २८९ जना मात्र सहभागी भए। बाँकी ६६.९३ प्रतिशत प्रतिनिधि पदाधिकारी चयन प्रक्रियामा सहभागी भएनन्। मात्र ३३ प्रतिशत प्रतिनिधिले चयन गरेको पदाधिकारी कसरी वैध हुन्छन् भन्ने प्रश्न उठेको हो।

वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीका अनुसार प्राविधिक रूपमा यो सहभागितालाई स्वीकार गरिए पनि वैधानिकतामाथि प्रश्न उठाउने ठाउँ रहन्छ। राजनीतिक दलको आन्तरिक लोकतन्त्रलाई हेर्दा बाँकी ६६ प्रतिशतले अस्वीकार गरेको रूपमा पनि यसलाई बुझ्न सकिने र रास्वपाले आफ्नै कार्यकर्ताहरूबाट पूर्ण वैधता पाउन नसकेको त्रिपाठीको बुझाइ छ।

त्यस्तै, रास्वपामा पार्टी सभापतिमा उठ्छु भन्ने व्यक्तिको नाम हटाउने र महाधिवेशन चल्दाचल्दै आफूखुसी मौखिक नियमहरू बनाउने जुन कार्य भयो, त्यो पार्टीको आन्तरिक लोकतन्त्रका लागि घातक देखिन्छ। रास्वपाले संविधानको उल्लङ्घन मात्र गरेन, आफैँले बनाएको पार्टी विधानको पालनासमेत नगरी गठन भएको पदाधिकारीको वैधानिकता कति हो भन्ने गम्भीर प्रश्न खडा गरिदिएको छ।

अधिवक्ता कीर्तिनाथ शर्मा पौडेल ३३ प्रतिशत प्रतिनिधिबाट पार्टीको पदाधिकारी चयन हुनुलाई कार्यकर्ताको पूर्ण समर्थनको आधार मान्न नसकिने बताउँछन्। सभापति चयन सर्वसम्मत भए पनि कम्तीमा सहभागीमध्ये ५० प्रतिशतभन्दा बढी प्रतिनिधिले निर्वाचनमा भाग लिएको भए मात्र त्यसलाई पूर्ण वैध मान्न सकिन्थ्यो। बाहिरबाट हेर्दा निर्वाचन प्रक्रिया प्राविधिक रूपमा सही देखिए पनि यसको वैधानिकतामाथि प्रश्न उठाउने ठाउँ बाँकी रहेको पौडेलको बुझाइ छ। रुपन्देहीका रास्वपाका एक नेताले कागजको मतपत्र बनाएर मतदान गरेको भए अहिलेको भन्दा धेरै फरक नतिजा आउने ठोकुवा गरे। उनले मेशनबाट गरिएको भोटिङ 'सेटिङ'को आशंका धेरै उम्मेदवारले गरेको उनले बताए। 'आफ्नो क्षेत्रमा पचास जना कार्यकर्ताले नचिन्ने उम्मेदवारले जितेका छन्, स्थापनाकादेखि संगठन बनाउन खटेका नेताले हारेका छन् यो पत्याउन नसकिने विषय हो'-उनले भने।

**बुटवलका...**

सहमति पत्रमा उद्योग व्यापार संघ बुटवलका अध्यक्ष लोकनाथ पन्थी, बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष हरि प्रसाद अर्याल, रुपन्देही उद्योग संघका अध्यक्ष कृष्णप्रसाद पराजुली र रुपन्देही व्यापार संघका अध्यक्ष प्रकाश ढकाल ले हस्ताक्षर गरेका छन्।

पछिल्ला वर्षहरूमा एउटै समयमा जो सुकैले विभिन्न मेला-महोत्सव सञ्चालन गर्ने अनुमति पाउँदा व्यापारिक गतिविधि विभाजित हुने, औद्योगिक व्यापार मेलाको प्रभाव घट्ने तथा प्रदर्शनी स्थल व्यवस्थापनमा समस्या देखिँदै आएको भन्दै अब साझा मापदण्डमार्फत् त्यसलाई उद्देश्यमूलक, व्यवस्थित र मर्यादित बनाउने प्रयास गरिएको चार संस्थाका नेतृत्वले बताएका छन्। कार्यक्रममा उद्योग ब्यापार संघ बुटवलका पूर्व अध्यक्षहरु विष्णुप्रसाद पाण्डे, गोविन्दराज गैरे, वरिष्ठ उपाध्यक्ष पदम जीसी, महासचिव विजय आचार्य, सचिव सौरभ भुसाल, कोषाध्यक्ष दिलिप शर्मा, उद्योग बाणिज्य संघका महासचिव मुक्ति अधिकारी, व्यापार संघका महासचिव प्रकाश पौडेल, उद्योग संघका महासचिव सुमन बस्याललगायतले चार वटा संस्थाको अगुवाई र पहलमा बुटवल मण्डपमा पुसमा आयोजना हुने व्यापार मेला र औद्योगिक प्रदर्शनीलाई स्थानीय सरकारले विशेष संरक्षण गरेको तथा प्रदेश र संघीय सरकारले समेत सकारात्मकरुपमा मूल्यांकन गरेकामा धन्यवाद ज्ञापन गरेका थिए।

**नेपाली सेना, सैनिक कल्याणकारी कोष**
**जंगी अड्डा, काठमाडौ**
**सैनिक कल्याणकारी सैनामैना सौर्य विद्युत आयोजना ब्लक नं. १**

**वातावरणीय अध्ययन (संक्षिप्त वातावरणीय अध्ययन) प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना**

**(वातावरण संरक्षण नियमावली २०७७ को नियम ७ सँग सम्बन्धित)**

**(प्रकाशित मितिः २०८३/०३/ १७ गते)**

लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला सैनामैना नगरपालिकामा नेपाली सेना ( सैनिक कल्याणकारी कोष) द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | नेपाली सेना, सैनिक कल्याणकारी कोष, जंगी अड्डा, काठमाण्डौ<br>फोनः ०१-४२२५९४३<br>ई-मेलः nawb@nepalarmy.mi.mp |
| **प्रस्तावको व्यहोरा** | नेपाली सेना (सैनिक कल्याणकारी कोष) द्वारा लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला, सैनामैना नगरपालिका- ९ मा रहेको नेपाली सेनाको आफ्नै भोगाधिकार क्षेत्रभित्रको जग्गामा सौर्य ऊर्जाबाट १० मेगावाट विद्युत उत्पादन गर्ने उद्देश्यले सैनिक कल्याणकारी सैनामैना सौर्य विद्युत आयोजना (ब्लक नं. १) निर्माण गर्न प्रस्ताव गरिएको छ। यस आयोजनाअन्तर्गत विद्युत् उत्पादनका लागि सोलार प्यानलहरू स्थापना गरिने, आवश्यकता अनुसार ट्रान्सफर्मर तथा इन्भर्टरहरू जडान गरिने, सोलार प्यानल सफाइका लागि जल भण्डारण केन्द्र निर्माण गरिने, पानी व्यवस्थापनका लागि नाली निर्माण गरिने तथा उत्पादित विद्युत नजिकै रहेको सालझण्डी सबस्टेसनमा जडान गरिनेछ। |
| **प्रभाव पर्न सक्ने जिल्ला / न.पा./गा.पा. :** | |
| **रुपन्देही जिल्ला** | सैनामैना न.पा. वडा नं. ९ |

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन (संक्षिप्त वातावरणीय अध्ययन) प्रतिवेदन तयार गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीबिच के कस्तो प्रभाव पर्दछ भनी एकिन गर्न सो स्थानको न.पा./गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नेपाली सेना, सैनिक कल्याणकारी कोष, जंगी अड्डा, काठमाण्डौ फोनः ०१-४२२५९४३. ई-मेलः nawb@nepalarmy.mi.np |
| परामर्शदाताको नाम र ठेगाना | एनइए इन्जिनियरिंग कम्पनी लिमिटेड, ललितपुर महानगरपालिका वडा नं. १०. ललितपुर, नेपाल फोनः +९७७-०१-५९२१८०६ / ५९२१८५६. ई-मेलः info@neaec.com.np. |

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय भूमि व्यवस्थापन तथा अभिलेख विभाग

# भूमि प्रशासन कार्यालय

तौलिहवा, कपिलवस्तु,

## हकवालाको नाँउको ३५ दिने सूचना

मितिः २०८३/०३/१७

उपरोक्त विषयमा जिल्ला कपिलवस्तु सा.गा.वि.स. पतारिया वडा नं. २ हाल शुद्धोधन गाउँपालिका वडा नं. १ भलुहिया बस्ने यहसानुल्लाह मु.को छोरा अब्दुल बदुद मुसलमानको मिति २०८२/०२/२५ गते र निजको एक मात्र पनि समीम बानो मु.को मिति २०७४।०३।१२ गते अफ्नै कालगतिले मृत्यु भएको। मृतक दम्पत्तिबाट कुनै छोराछोरीको जाय जन्म नभएको। मृतकहरु जीवित छंदा सेवा सम्भार औषधी उपचार मृत्यु पछि दाह संस्कार, काजक्रिया निवेदक भाई अब्दुल रब मु.ले गरेको। ज.ध. मृतक अब्दुल बदुद मुसलमानको नाममा दर्ता रहेको तपसिल अनुसारको उल्लेखित जग्गा हक अंश खाने हकवाला भाई आवेदक अब्दुल रब मु. रहेकोले मेरो नाममा एकलौटी नामसारीको लागि यस कार्यालयमा मिति २०८३/०३/०२ गते निवेदन माग अनुसार यो ३५ दिने सूचना प्रकाशित गरिएको छ। निजको नाममा एकलौटी नामसारी हुनु नपर्ने भए यो सूचना टाँस भएको मितिले म्याद भित्र स-प्रमाण सहित यस कार्यालयमा उजुरी गर्नुहोला। सूचना टाँस भएको म्याद भित्र उजुर नगरेमा निम्न लिखित कित्ता नम्बरको जग्गा आवेदक अब्दुल रब मु. को नाममा एकलौटी नामसारी भई ज.ध. प्रमाण पुर्जा निवेदकले प्राप्त गर्ने र पछि कसैको कुनै किसिमको उजुर नलाग्ने ब्यहोरा समेत जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| गा.वि.स. | वार्ड नं. | कित्ता नं. | क्षेत्रफल | दर्तावालाको नाम, थर |
|---|---|---|---|---|
| पतरिया | ४ | ४१९ | ०-५-१५-० | ज.ध.- अब्दुल बदुद मुसलमान<br>बुवाः यह सानुल्लाह मु.<br>बाजेः मोहम्मद खलील मु.<br>ठेगानाः जिल्ला कपिलवस्तु सा.गा.वि.स. पतरिया वडा नं. २<br>हाल शुद्धोधन गा.पा. वडा नं. १, भलुहिया। |
| पतरिया | ४ | ८६९ | ०-६-१-२ | |
| पतरिया | ४ | २८८ | ०-०-१८-० | |
| पतरिया | ४ | ८७१. | ०-०-९-० | |
| पतरिया | ४ | ८६७ | ०-२-३-२ | |
| पतरिया | ९ख | २०० | ०-०-६-० | |
| पतरिया | ९ख | ३८४ | ०-५-७-० | |
| पतरिया | ९ख | ३८५ | ०-१-१३-० | |
| पतरिया | ९ख | ४३३ | ०-०-१३-० | |
| पतरिया | ९ख | ३८ | ०-०-१४-० | |
| पतरिया | ९ख<br>(वडा नं. ९क हुनुपर्ने संशोधन। माग भएको)। | ६८४ | ०-७-१५-० | |

**भूमि प्रशासन अधिकृत**

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



**दाउरा बोकेर घरतर्फ फर्किँदै महिलाः**
दाङको घोराही उप-महानगरपालिका-१३ स्थित सेवार गाउँका स्थानीय महिला जङ्गलबाट डोकामा दाउरा बोकेर घरतर्फ जाँदै । ग्रामीण क्षेत्रमा अझै पनि दैनिक घरायसी प्रयोजन तथा खाना पकाउने इन्धनको विकल्पका रूपमा दाउराको प्रयोग गर्ने परम्परा कायम रहेको छ । तस्विर : रासस

# हल गोरू पाल्ने एक सय १५ कृषकलाई पाँच हजार रकम प्रदान



वालिङ । स्याङ्जाको गल्याङ नगरपालिकाले हल गोरु पाल्ने कृषकलाई प्रोत्साहनस्वरुप रु पाँच हजार उपलब्ध गराएको छ ।

पछिल्लो समय बढ्दो प्रविधिको प्रयोगसँगै हल गोरु पाल्ने क्रम घट्दै गएकाले हल गोरु पाल्नतर्फ कृषकलाई आकर्षित गर्नकालागि प्रोत्साहनस्वरुप ११५ जना कृषकलाई रकम उपलब्ध गराईएको हो ।

एकसय १५ कृषकका एकसय १६ हल गोरुको आवेदन आएकाले सोका आधारमा प्रतिकृषक रु पाँच हजारका दरले प्रोत्साहन रकम उपलब्ध गराइएको गल्याङ नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत युवराज अधिकारीले बताए ।

पछिल्लो समय यान्त्रिक हलो (पावर टिलर) को प्रयोग बढ्दै जाँदा यान्त्रिक हलो चलाउने दक्ष जनशक्तिको अभाव हुने, ग्रामीण भेगहरुमा सहजरुपमा इन्धन नपाइने र यान्त्रिक हलो बिग्रेपछि मर्मत गर्नका लागि झन समस्या हुने भएकाले कृषकहरुलाई हल गोरु पाल्नतर्फ आकर्षित गर्न प्रोत्साहन अनुदान दिइएको हो ।

चालु आर्थिक वर्ष २०८२/०८३ कालागि हल गोरु पाल्ने कृषकलाई प्रोत्साहन गर्ने उद्देश्यले कृषक प्रोत्साहन अनुदान कार्यक्रम सञ्चालन गरिएको हो । नगरपालिकाले हल गोरु पाल्ने कृषकलाई प्रोत्साहन रकम उपलब्ध गराउनका लागि हल गोरु पालेका कृषकहरुसँग आवेदन माग गर्नेसम्बन्धी सूचना गरेको थियो । सूचनाका आधारमा नगरपालिकाका ११ वटै वडाबाट ११६ हल गोरु पालेका कृषकले आवेदन दिएकाले प्रोत्साहन रकम उपलब्ध गराइएको नगरपालिकाका पशु सेवा शाखाका प्राविधिक महादेव बनले जानकारी दिए ।

“नगरपालिकाबाट हल गोरुसम्बन्धी प्रोत्साहन रकम उपलब्ध गराउनकालागि कृषकहरुसित आवेदन माग गर्‍यौँ”, उनले भने- “सूचनाका आधारमा कृषकले गोरुको बिमा गरेको, गोठमा रहेको हल गोरुको तस्बिरसहित आवेदन दिनुभएपछि नगरपालिकाबाट अनुगमन गरेपछि कृषकको खातामा रकम भुक्तानी गरिएको हो ।”

नगरपालिकाभित्र हल गोरुको संख्या आवेदन आएकाभन्दा धेरै रहेको तर कृषकले जानकारी पाएर पनि आवेदन नदिएको हुनसक्ने उनको दाबी छ । आगामी आर्थिक वर्ष २०८३/०८४ कालागि पनि हल गोरु पाल्ने कृषकलाई प्रोत्साहन अनुदान उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइएको छ । आगामी आवमा चालु आवमा प्रोत्साहन अनुदान नपाएका हल गोरु पाल्ने कृषकले अनुदान पाउने भएका छन् ।

## खडेरीले रोपाइँ प्रभावितः

# मध्य असारसम्म ३८ प्रतिशत



ढोरपाटन (बागलुङ) । मध्य असारसम्म पनि पर्याप्त वर्षा नहुँदा बागलुङमा धान रोपाइँ प्रभावित भएको छ । अघिल्लो वर्ष यतिबेला ६० प्रतिशत रोपाइँ सकिएको थियो भने यस वर्ष मध्य असारसम्म ३८ प्रतिशत मात्रै रोपाइँ भएको छ ।

पश्चिम बागलुङका केही क्षेत्रमा रोपाइँ भए पनि जिल्ला सदरमुकाम आसपासका अधिकांश खेत अझै सुक्खा छन् । जिल्लास्थित कृषि ज्ञान केन्द्रका प्रमुख कुमार पुनमगरका अनुसार यसबेलासम्म आधाभन्दा बढी क्षेत्रमा रोपाइँ सकिनुपर्नेमा पर्याप्त वर्षा नभएकाले ३८ प्रतिशत क्षेत्रमा मात्रै धान रोपिएको हो ।

कुल पाँच हजार ७१० हेक्टर क्षेत्रफलमा धानखेती हुने बागलुङमा मध्य असारसम्म दुई हजार १७० हेक्टरमा मात्रै रोपाइँ भएको प्रमुख पुनमगरले जानकारी दिए । अहिलेसम्म खोला तथा सिँचाइको सुविधा भएका क्षेत्रका खेतमा मात्रै रोपाइँ भएको उनले बताए ।

“अहिलेसम्म आधाभन्दा बढी क्षेत्रमा धान लगाइसक्नुपर्ने हो, तर वर्षा नहुँदा पानीका मुहान फुटेका छैनन् । खोलानालामा पनि पानी निकै कम भएकाले सिँचाइको व्यवस्थापन राम्रो छैन”, प्रमुख पुनमगरले भने-“खोल्सा, खोला तथा सिँचाइको नियमित सुविधा भएका क्षेत्रका खेतमा मात्रै रोपाइँ भएको छ । अन्य ठाउँमा भने रोपाइँ हुन सकेको छैन ।”

निसीखोला, गलकोट र ढोरपाटनका केही क्षेत्रमा रोपाइँ भए पनि बागलुङ नगरपालिका, बडिगाड, जैमिनी र बरेङलगायत क्षेत्रमा रोपाइँको कुनै सुरसार छैन । निसीखोला गाउँपालिका-४ का किसान तुलप्रसाद पौडेलले जेठको अन्तिम साता रोपाइँ गरेको भए पनि वर्षा नहुँदा रोपेको धानको गाभा सुक्न थालेको बताए । तीन-चार महिनादेखि पर्याप्त वर्षा नहुँदा धानसँगै बारीमा लगाएको मकैसमेत सुक्ने अवस्थामा पुगेको उनको भनाइ छ ।

उनले भने-“यो आकाशले के गरेको होला ? यति धेरै समय बितिसक्यो, अहिलेसम्म पानी पर्दैन । सुरुमै रोपाइँ गरियो, अहिले धानका बिरुवा मरेर खेत खाली हुन थाले । वर्षा हुन्छ कि भनेर रोपाइँ गरेका थियौँ, तर अहिलेसम्म एक थोपा पानी परेको छैन ।”

लामो खडेरीका कारण ब्याडमा राखिएको धानको बिउसमेत मर्ने अवस्थामा पुगेको बडिगाड गाउँपालिका-५ का पुस्कर घिमिरेले बताए । वर्षा नहुँदा खोलानालामा पानीको मात्रा निकै कम भएकाले रोपाइँ गर्न समस्या भएको उनको भनाइ छ । राम्रो वर्षा नभएसम्म रोपाइँ गर्न नसकिने घिमिरेले बताए । बागलुङमा वार्षिक २० हजार ६०० मेट्रिकटन धान उत्पादन हुने गरेको कृषि ज्ञान केन्द्रले जनाएको छ ।

# गोरूले खेतबारी जोत्ने प्रचलन हराउँदै

तानसेन । एक दशकअघिसम्म पाल्पाका फाँटहरूमा असार लागेसँगै हल गोरुले खेत जोतेर धान रोपाइँ गर्ने दृश्य माथागढी गाउँपालिका देउगीरका ७२ वर्षीय जीवन घर्तीको मानसपटमा अझै ताजै छन् ।

“हँ हँ माले हँ हँ, हँ हँ तारे गर्दै असार र साउन महिनामा खेतमा गोरु कुदाउने गर्थे, अघिअघि हली पछिपछि रोपाराले गीत गाउँदै खेत जोत्ने गरेको देख्दा रमाइलो लाग्थ्यो । हामीले पनि गोरु जोतैरै रोपाइँ गर्‍यौं तर हिजोआज भने ट्र्याक्टरले जोत्न थाले”, घर्तीले भने-“अहिले गाउँमा हलगोरु भेट्र्याउनै मुस्किल पर्छ ।” गाउँमा अहिले एक-दुई हल गोरु मात्रै रहेका उनले बताए ।

आफूले ६० वर्ष पुग्दासम्म पनि हलगोरु पालेरै जोतेको घर्तीको भनाइ छ । “पहिला सबैले गोरु पालेरै जोत्थे तर अब त किसानहरूले गोरु पाल्नै छाडे”, उनले भने- “गाउँघरमा अहिले एक, दुई हल मात्रै गोरु छन्, मैले उमेर हुँदासम्म घरमै गोरु पालेरै जोत्ने गर्थे तर अहिले बुढो भएर सक्दिन ।” मकै रोप्ने र जोत्नेबेला छोराहरुले ट्र्याक्टर ल्याएर जोत्ने गरेको उनले सुनाए ।

पूर्वखोला गाउँपालिका रिड्नेरहका वीरबहादुर सारुले खेतबारी जोत्न सहज रूपमा ट्र्याक्टर पाइन थालेपछि विगत पाँच वर्षदेखि गोरु पाल्न छाडेको बताए । पाखाको बारी र फेदीको खेत ट्र्याक्टरले जोत्न थालेपछि गोरु बेचेको सारुको भनाइ छ ।

गाउँघरबाट युवापुस्ता वैदेशिक रोजगारीमा पलाएन हुनेक्रम बढेसँगै हलगोरु पालेर खेती लगाउने प्रचलन पनि हराउँदै गएको ६० वर्षीय सारुले बताए । “बढेका छोरा, बुहारी सहर र विदेशतिर पसेकाले गाउँघरमा घाँस काट्ने, गोरु जोत्ने मान्छे पनि छैनन्”, उनले भने-“अब सबै सुखसँग बस्ने भए, गोरु पाल्ने मान्छे गाउँघरमा भेट्नै मुस्किल छ ।”

यी त केही उदाहरण मात्रै हुन् । पछिल्लो समय यहाँका अधिकांश फाँटमा गोरुले खेतबारी जोत्ने परम्परा विस्तारै हराएको छ । कृषि क्षेत्रमा आधुनिक मेसिनको प्रयोग बढ्दै जाँदा गोरुको स्थान ट्र्याक्टर, मिनी टिलर र पावर टिलरले लिन थालेका छन् ।

पहिले हरेक किसानले खेतीका लागि गोरु पाल्ने चलन थियो । रोपाइँ, मकै, गहुँ तथा अन्य बाली लगाउन खेत जोत्न गोरु अनिवार्य मानिन्थ्यो । तर पछिल्ला वर्षमा कृषि मजदुरको अभाव, समयको बचत र कृषि उपकरणबाट छिटो काम हुने भएकाले किसान यान्त्रिक उपकरणतर्फ आकर्षित भएका सारुको बुझाइ छ ।

विशेषगरी अन्नको भण्डारका रूपमा लिइने तानसेनको माडीफाँट, अर्गेली, रम्भा गाउँपालिकाको हुँगी, हेक्लाङ, रामपुरको रामपुर फाँट, पूर्वखोलाका केही फाँट, निस्दी गाउँपालिकाको ढुँनावेसी, तिनाउ गाउँपालिकाको कचल, झ्याङ्ला, रिब्दीकोट र रैनादेवी छहराका तल्ला फाँटहरुमा एक दशकअघिसम्म गोरुले जोतेर धान रोप्ने प्रचलन थियो ।

अहिले यी ठाउँमा ट्र्याक्टरले जोतेर धान रोपाइँ हुने गरेको छ । गाउँमा गोरु पाल्ने किसानको संख्या घट्दै जाँदा हलो, जुवा, फालीलगायत परम्परागत कृषि सामग्री पनि प्रयोगविहीन बन्दै गएका छन् । यसले ग्रामीण जीवनसँग जोडिएका पुराना कृषि संस्कार र सीपसमेत लोप हुने अवस्थामा पुगेको छ ।

यान्त्रिकीकरणले उत्पादन लागत र समय घटाउन सहयोग गरे पनि परम्परागत कृषि ज्ञान तथा जैविकखेतीसँग जोडिएका अभ्यासको संरक्षणमा पनि ध्यान दिन आवश्यक रहेको कृषि केन्द्र पाल्पाका कृषि अर्थविज्ञ मातिवर यावदले बताए । केही वर्षयता गाउँका कृषकहरूले आधुनिक हलो प्रयोग गर्न थालेका भन्दै गोरुमार्फत् जोत्ने कृषकलाई पनि ज्ञान केन्द्रले प्रेरित गर्दै आएको उनले जानकारी दिए ।

# १० विद्यार्थी संगठन सरकारी निर्णयको विरोधमा

बुटवल । १० वटा विद्यार्थी संगठनहरूले दलीय विद्यार्थी संगठनका संरचना हटाउने त्रिविको निर्णयको विरोध जनाएका छन् ।

विज्ञप्ति निकालेर १० वटा विद्यार्थी संगठनले विद्यार्थीको अधिकारमाथि हस्तक्षेप भएको बताएका छन् ।

‘सरकार, अनुदान आयोग र त्रिभुवन विश्वविद्यालय प्रशासनलाई चेतावनी दिन चाहन्छौँ- आफ्नो निरंकुश, स्वेच्छाचारी तथा न्यायालयको अवज्ञा गर्ने निर्णय तत्काल फिर्ता गरियोस् । विद्यार्थी अधिकारमाथिको हस्तक्षेप, न्यायालयको अवहेलना र लोकतान्त्रिक मूल्य-मान्यतामाथिको प्रहार कुनै हालतमा स्वीकार्य हुने छैन,’ -विज्ञप्तिमा भनिएको छ ।

सर्वोच्च अदालतको २८ बैशाख २०८३ को अल्पकालीन अन्तरिम आदेशको अवहेलना भएको ठहर विद्यार्थी संगठनको छ । ‘दलीय विद्यार्थी संगठनका संरचना हटाउने निर्देशन जारी गर्नु न्यायिक मर्यादा, संवैधानिक व्यवस्था तथा लोकतान्त्रिक अधिकारमाथिको प्रत्यक्ष हस्तक्षेप गरेको छ ।’- विज्ञप्तिमा भनिएको छ ।

त्रिवि, विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयले सूचना जारी गरेर सरकारको निर्णय अनुसार संगठनका संरचना हटाउन भनेको थियो । त्यसको विरोधमा विद्यार्थी संगठन उत्रिएका हुन् । सरकारले सरकारले ६० दिन भित्र विद्यालय/विश्वविद्यालय हाताबाट दलीय विद्यार्थी संगठनका संरचना हटाई ९० दिन स्टुडेन्ट काउन्सिल वा भ्वाइस अफ स्टुडेन्ट संयन्त्रको विकास गर्ने भनेको थियो ।

# सुलभ अग्रवाल र दीपक भट्ट मुद्दाको सक्कल मिसिल झिकाउन आदेश





बुटवल । सर्वोच्च अदालतले एमाले उपाध्यक्ष तथा पूर्वउपप्रधानमन्त्री विष्णु पौडेलको बन्दीप्रत्यक्षीकरण रिट निवेदनको सुनुवाइका क्रममा विशेष अदालतमा विचाराधीन सम्पत्ति शुद्धीकरण मुद्दाको सक्कल मिसिल झिकाउन आदेश दिएको छ ।

न्यायाधीशद्वय टेकप्रसाद ढुङ्गाना र मेघराज पोखरेलको इजलासले सर्वोच्च अदालतले उक्त रिटसँग सम्बन्धित तथ्य र प्रमाणको समग्र अध्ययनका लागि विशेष अदालतबाट सुलभ अग्रवाल र दीपक भट्ट प्रतिवादी रहेको सम्पत्ति शुद्धीकरण मुद्दाको सक्कल मिसिल झिकाउन आदेश जारी गरेको हो । पौडेलकी श्रीमती दोमाया पौडेलले बन्दीप्रत्यक्षीकरणको रिट दायर गरेकी थिइन् ।

अदालतको आदेशअनुसार विशेष अदालतमा रहेको सम्पूर्ण मिसिल सर्वोच्च अदालतमा पेश गरिनेछ । त्यसपछि सम्बन्धित कागजात, प्रमाण तथा मुद्दासँग जोडिएका अन्य विवरणको अध्ययन गरी रिटमाथिको सुनुवाइलाई अघि बढाइनेछ ।

बन्दीप्रत्यक्षीकरण रिटमा उठाइएका विषय र विशेष अदालतमा विचाराधीन सम्पत्ति शुद्धीकरण मुद्दाबीच सम्बन्ध रहेको देखिएकाले न्यायिक निरूपणका लागि सक्कल मिसिल आवश्यक ठहर गर्दै सर्वोच्चले उक्त आदेश दिएको हो । सुलभ अग्रवाल र दीपक भट्ट प्रतिवादी रहेको सम्पत्ति शुद्धीकरण मुद्दा हाल विशेष अदालतमा विचाराधीन छ । अब सर्वोच्च अदालतले माग गरेको मिसिल प्राप्त भएपछि रिट निवेदनमाथिको थप सुनुवाइ र निर्णय प्रक्रिया अघि बढ्नेछ ।

# नारायणगढ-मुग्लिन सडकमा पहिरो पन्छाउने उपकरण तयारी अवस्थामा



चितवन । वर्षात् सुरु भएसँगै नारायणगढ-मुग्लिन सडकखण्डमा पहिरो पन्छाउनका लागि उपकरणसहित जनशक्ति तयारी अवस्थामा राखिएको छ । सडक डिभिजन कार्यालय भरतपुरले आफ्नो कार्यक्षेत्र रहेको मुग्लिन-नारायणगढ सडकखण्ड र कालीगण्डकी करिडोरमा वर्षायाममा हुनसक्ने पहिरोको जोखिमलाई मध्यनजार गर्दै आवश्यक उपकरण तयारी अवस्थामा राखेको हो ।

कार्यालयका प्रमुख सिनियर डिभिजनल इन्जिनियर नारायण लामिछानेका अनुसार वर्षात्को समयमा पहिरो खस्न सक्ने जोखिम रहेका स्थानमा पहिरो गई सडक आवागमन अवरुद्ध हुनसक्ने अवस्थालाई मध्यनजर राख्दै आवश्यक उपकरण राखिएको हो । उनका अनुसार मुग्लिन क्याम्पमा एक लोडर, सेती दोभान क्याम्पमा एक एक्स्काभेटर, एक लोडर र एक ब्याकहोलोडर पहिरो पन्छाउनका लागि तयारी अवस्थामा राखिएको छ । यस्तै सडक डिभिजन कार्यालय परिसरमा एक ब्याकहोलोडर तथा कालीगण्डकी करिडोरमा एक लोडर तयारी अवस्थामा राखेको उनले जानकारी दिए ।

पहिरोका कारण सडक अवरुद्ध भएमा तत्काल हटाई सवारी आवागमनलाई चुस्त र नियमित सञ्चालन राख्ने उद्देश्यले उपकरण अपरेटरसहित तयारी अवस्थामा राखिएको उनले बताए । नारायणगढ-मुग्लिन सडक वर्षात्को समयमा लेदोसहितको पहिरो र हिँउदको समयमा सुक्खा पहिरोका कारण पटकपटक अवरुद्ध हुने गर्दछ । काठमाडौँ प्रवेश गर्ने मुख्य नाकाका रूपमा रहेको यस सडकमा दैनिक १० हजारभन्दा बढी सवारी आवतजावत गर्दछन् ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधैं हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com




सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com

**संघीयतालाई...**

सिटौलाले संसद् भंग गरेर सुशीला कार्कीको नेतृत्वमा सरकार बनेको दिनदेखि नै संविधान ट्र्याक बाहिर गएको दाबी गरे । 'संसद् भंग गरेर सरकार बनाउने राष्ट्रपतिको त्यो कदम हामी मान्न बाध्य भयौं । देश थाम्ने दलहरू अत्यन्त नाजुक भए, अझै नाजुक बन्दैछन् ।'-सिटौलाले भने ।

जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले नेपालमा संघीय शासन प्रणाली बहिष्करणको अन्त्य, विविधताको सम्मान तथा राज्यशक्तिको विकेन्द्रीकरणका लागि दशकौं लामो राजनीतिक संघर्षको परिणामस्वरूप स्थापित भएको बताए । 'हामीले संघीयता गुमायौं भने समावेशिता, लोकतन्त्र र अन्ततः संविधान नै गुम्ने जोखिम रहन्छ ।'- उनले भने । प्रदेश संरचनालाई कमजोर बनाउनेभन्दा यसको संस्थागत क्षमता अभिवृद्धि गर्नुपर्नेमा उनको जोड छ ।

जनमत पार्टीका अध्यक्ष डा. सीके राउतले संविधान संशोधन लोकतान्त्रिक प्रक्रियाको वैध अभ्यास भए पनि अहिले समस्या संविधान संशोधनमा होइन, संविधानको खारेजी होला कि भन्ने डरमा रहेको बताए ।

संघीयताका पक्षधरहरूले डिजिटल माध्यम र एल्गोरिदमले निर्देशित सूचना परिवेशअनुसार आफूलाई रूपान्तरण गर्दै युवापुस्तासम्म पुग्न सहज, तथ्यमा आधारित तथा विश्वसनीय सामग्री उत्पादन गर्नुपर्ने आवश्यकता औंल्याए ।

श्रम स्वीकृति पार्टीका सांसद आरेन राईले संघीयता कार्यान्वयनलाई प्रभावकारी बनाउन रचनात्मक संसदीय भूमिका तथा तथ्यमा आधारित सार्वजनिक संवादको महत्त्वमा जोड दिए । आफ्नो पार्टी सदैव संघीयताको पक्षमा चट्टानझैं खडा हुने प्रतिबद्धता जनाए ।

**'संविधान संशोधनमा संख्याभन्दा सहमति आवश्यक'**

राष्ट्रिय स्वतन्त्र पार्टीका सचेतक प्रकाशचन्द्र परियारले संविधान संशोधनका लागि संख्याभन्दा प्रमाण र सहमति आवश्यक हुने बताए ।

लोकतान्त्रिक शक्तिहरूले आफ्नो लोकतान्त्रिक इतिहास र योगदानलाई प्रभावकारी रूपमा जनतासम्म पुऱ्याउन नसकेको स्वीकार गर्दै उनले संघीयताका उपलब्धि तथा यसको संवैधानिक औचित्यबारे प्रभावकारी सार्वजनिक सञ्चार आवश्यक रहेकोमा जोड दिए ।

छलफलमा सहभागी पजेनजी अगुवा माजिद अन्सारीले 'बहस अब प्रदेश महँगो छ कि छैन भन्ने होइन, संघीय सरकार महँगो छ कि छैन भन्ने हुनुपर्ने' बताए ।

युवा अगुवा अदिति साह, विनोद देउवालगायतले संविधान संशोधन प्रमाण, कार्यान्वयन अनुभव र व्यापक राजनीतिक सहमतिमा आधारित हुनुपर्नेमा जोड दिए ।

**रास्वपा...**

'राजनीतिक दलसम्बन्धी ऐन २०७३ ले बालबालिकालाई राजनीतिक गतिविधिमा प्रयोग गर्न प्रतिबन्ध लगाउँदै १८ वर्ष पूरा भएपछि मात्र राजनीतिक दलको सदस्यता पाउन योग्य हुने व्यवस्था गरेको छ,' त्रिपाठी भन्छन्-'यसरी राजनीतिक दल सम्बन्धी ऐनको विपरीत गएर प्रतिनिधि चयन भएको अवस्थामा वडादेखि केन्द्रसम्मका कमिटी गठनको वैधानिकतामाथि प्रश्न उठिसक्यो ।'

एउटा दलले जबर्जस्ती कानुनको धज्जी उडाउने काम गरेको विषयमा कानुनी प्रश्न उठाउँदै रिट दर्ता गर्न सकिने अवस्था रहेको त्रिपाठी बताउँछन् । बालबालिकालाई सदस्यता दिएर गरिएको चयनलाई कानुनी दृष्टिबाट वैध मान्न नसकिने अधिवक्ता त्रिपाठीको तर्क छ । रास्वपाको वडा, गाउँपालिका, जिल्ला, प्रदेश हुँदै केन्द्रीय कार्यसमिति चयनमा बालबालिकाको प्रयोग भएको देखिन्छ ।

चितवनमा भएको सो पार्टीको प्रथम राष्ट्रिय महाधिवेशनमा महामन्त्री कविन्द्र बुर्लाकोटीले पेस गरेको सांगठनिक प्रतिवेदनमा १८ वर्षमुनिका ३५ हजार २५७ जना बालबालिका रास्वपाको सदस्य रहेको उल्लेख छ । सांगठनिक प्रतिवेदनअनुसार बागमती प्रदेशमा १३ हजार १, कोसीमा ६ हजार २३५, गण्डकीमा ५ हजार ११६, लुम्बिनीमा ३ हजार ६४८, मधेसमा ३ हजार ३०, सुदूरपश्चिममा २ हजार ८१३ र कर्णाली प्रदेशमा १ हजार ४१४ जना बालबालिका पार्टीका सदस्य छन् । यी सबै ३५ हजार २५७ जना १८ वर्ष उमेर मुनिका हुन् ।

राजनीतिक दलसम्बन्धी ऐन २०७३ को परिच्छेद ३ मा दलको सदस्यता र संगठनात्मक संरचनाको विषय उल्लेख छ । उक्त ऐनको दफा १४ को १ मा विधान बमोजिम अधिकार प्राप्त पदाधिकारीले दलको सदस्यता वितरण गर्न सक्ने उल्लेख छ भने दफा १४ को २ को उपदफा (१) बमोजिम सदस्यता वितरण गर्दा १८ वर्ष पूरा भएको नेपाली नागरिक हुनुपर्ने योग्यता तोकिएको छ । राजनीतिक दल सम्बन्धी उक्त ऐन अनुसार राष्ट्रिय स्वतन्त्र पार्टीको केन्द्रीय प्रतिनिधिको वैधतामाथि कानुनी प्रश्न उठाउने ठाउँ देखिन्छ ।

नेपालको संविधानको धारा ३९ का आधारमा बालबालिकासम्बन्धी ऐन २०७५ बनेको छ । उक्त ऐनको दफा ७ को उपदफा (७) मा राजनीतिक उद्देश्यका लागि बालबालिका प्रयोग गर्न नपाइने स्पष्ट व्यवस्था छ । ऐनको दफा ६६ ले राजनीतिक प्रयोजनका लागि संगठित गर्ने वा हड्ताल, बन्द, चक्काजाम, धर्ना वा जुलुसमा प्रयोग गर्ने कार्यलाई बालबालिका विरुद्धको कसुरका रूपमा परिभाषित गरेको छ । यस्तो कार्य गरे ८० हजार रुपैयाँसम्म जरिवाना र तीन वर्षसम्म कैदको व्यवस्था सोही ऐनको दफा ७२ को उपदफा (३) ले गरेको छ ।

नेपाल पक्ष राष्ट्र रहेको संयुक्त राष्ट्रसङ्घीय बालअधिकार महासन्धि (UNCRC १९८९) ले पनि बालबालिकालाई राजनीतिक स्वार्थ तथा दुरुपयोग हुन नदिन राज्यलाई सचेत गराएको छ । दलहरूले आफ्ना विचार, सिद्धान्त र समसामयिक राज्य व्यवस्थासम्बन्धी धारणा बालबालिकासामु सञ्चार गर्ने र उनीहरूका मुद्दामा जवाफदेही हुने कुरा नागरिक शिक्षाअन्तर्गत पर्छ र यो सकारात्मक हो । तर दलको सदस्यता नै दिएर उनीहरूलाई सांगठनिक संरचनामा उभ्याउनु कानुन र बालअधिकारको स्थापित सिद्धान्तविपरीत हो ।

यसअघि १० वर्षको सशस्त्र द्वन्द्वमा बालबालिका प्रयोग गरेको विषयमा तत्कालीन नेकपा (माओवादी) माथि पनि प्रश्न उठेको थियो । यस विषयमा सर्वोच्च अदालतले बालबालिकालाई सैन्य बलमा प्रयोग गर्न पूर्ण रूपमा निषेध गर्न र यसलाई दण्डनीय अपराध ठहर गर्ने कानुन बनाउन सरकारलाई निर्देशनात्मक आदेश जारी गरेको छ ।

रास्वपाका नेता सोम शर्माले केन्द्रीय निर्वाचन आयोगमा उजुरी दिएका छन् ।

प्रथम राष्ट्रिय महाधिवेशनबाट निर्वाचित केन्द्रीय सदस्यहरूको सूचीबाट आफ्नो नाम हटेपछि शर्माले आयोगमा उजुरी दिएका हुन् ।

उनले मंगलबार गण्डकी भूगोलबाट निर्वाचित केन्द्रीय सदस्यको नामावलीबाट आफ्नो नाम हटाउनुको कारण जवाफ दिएर सूची फेरि सच्याउन माग गर्दै आयोगमा उजुरी दिएका हुन् ।

चौथो उच्च मत प्राप्त उम्मेदवारलाई हटाएर पाँचौं स्थानभन्दा माथिको मत परिणामलाई नै उल्ट्याउने गरी गरिएको परिमार्जित निर्णयले विधानको मर्म, विधायकी मनसाय तथा विधानको दफा २२ (४) को व्यवस्था र निर्वाचनको आधारभूत सिद्धान्तसँग मेल नखाने शर्माले उजुरीमा उल्लेख गरेका छन् ।

'त्यसैले मलाई निर्वाचित सूचीबाट हटाई गरिएको संशोधित भनिएको निर्णय वैधानिक, न्यायसंगत र विधिसम्मत देखिदैन,' उनले भनेका छन्- 'यसर्थ यो निर्णय वैधानिक ठहर्दैन । अतः विधान तथा घोषित मत परिणामको आधारमा मलाई गण्डकी प्रदेशबाट निर्वाचित केन्द्रीय सदस्यको रूपमा कायम गरियोस् ।'

यसअघि महाधिवेशनमा उम्मेदवारहरूबाट नै बढी मत ल्याए पनि कलस्टर मिलाउने क्रममा निर्वाचित नभएको गुनासो आएपछि आयोगले सूची सच्याएर केन्द्रीय सदस्यहरूको नाम हेरफेर गरेको थियो ।

सूची सच्याउने क्रममा आयोगबाट कृष्णमान श्रेष्ठसँगै सोम शर्माको नाम केन्द्रीय सदस्यबाट हटाइएको थियो । उनीहरूको स्थानमा ध्रुवकुमार थापामगर र पूजा बास्तोलालाई केन्द्रीय सदस्य बनाइएको छ ।

'महाधिवेशन निर्वाचन कार्यविधि २०८३ अनुसार जनजाति क्लस्टरतर्फ कृष्णमान श्रेष्ठ निर्वाचित भएकोमा मत परिणाम तथा उम्मेदवारी दर्ता गर्दा पेश गरिएको कागजपत्र तथा प्रमाण अध्ययन गर्दा ध्रुवकुमार थापामगर निर्वाचित भएको देखिएकाले निज ध्रुवकुमार थापामगरलाई निर्वाचित भएको निर्णय गर्ने निर्णय गरियो,' आयोगले गरेको निर्णयमा भनिएको छ ।

आयोगको उक्त निर्णय आफूमाथिको अन्यायमात्र नभएर मतदान गर्ने ९९३ जना प्रतिनिधिको जनादेशको समेत अवमूल्यन र अपमान भएको नेता शर्माको जिकिर छ ।

'ममाथि भएको अन्यायलाई तत्काल सच्याई मेरो वैधानिक निर्वाचित हैसियत यथावत् कायम गर्न, निर्णयको कानुनी र तथ्यगत आधार सार्वजनिक गर्न तथा यस सम्बन्धमा आवश्यक स्पष्टीकरण उपलब्ध गराउन सम्बन्धित निकायसमक्ष जोडदार माग गर्दछु ।'- शर्माले भनेका छन् ।

उनले अन्यथा, आफ्नो संवैधानिक, राजनीतिक तथा कानुनी अधिकारको संरक्षणका लागि उपलब्ध सम्पूर्ण कानुनी उपचार र न्यायिक प्रक्रियाको अवलम्बन गर्न बाध्य हुने पनि उजुरीमा उल्लेख गरेका छन् ।

'त्यसबाट उत्पन्न हुने सम्पूर्ण राजनीतिक, नैतिक र कानुनी जिम्मेवारी सम्बन्धित निकाय स्वयंले वहन गर्नुपर्नेछ ।'- नेता शर्माले भनेका छन् । केन्द्रीय सदस्यका बांकेका एक उम्मेदवारको मतगणना नतिजामा नाम र मत परिणाम नै नआएपछि उनले पनि निर्वाचन समितिको भूमिकामा प्रश्न उठाएका थिए । यस्तै केन्द्रीय सदस्यमा निर्वाचित भएको घोषणा गरिएका कृष्णमान श्रेष्ठलाई अचानक केन्द्रीय सदस्यबाट हटाइएपछि उनी स्तब्ध बनेका छन् ।

आयोगले १२ गतेको मिति राखेर हिजो मात्र निर्णय गरेको श्रेष्ठको दाबी छ । यस विषयमा आयोगले आफूलाई आधिकारिकरुपमा केही जानकारी नगराएको र मिडियाबाट थाहा पाएको श्रेष्ठ बताउँछन् ।

रास्वपाको निर्वाचन आयोगले जनजाति क्लस्टरबाट निर्वाचित भएका कृष्णमानलाई विस्थापित गरेर उनको ठाउँमा ध्रुवकुमार थापामगरलाई छिराएको हो ।

चुनावमा कृष्णमानभन्दा ध्रुवकुमारको मत धेरै थियो । तर, उनको नाम जनजाति क्लस्टरमा नभएर खुल्लामा भएकाले निर्वाचित हुन सकेनन् । अहिले फेरि उनलाई जनजाति क्लस्टरमै राखेर विजयी घोषणा गरिएको हो । थापाले आफ्नो थरमा मगर नजोडेकाले आयोग झुक्किएको दाबी गरिएको छ ।

यता श्रेष्ठले भने बदनीयतपूर्वक आफ्नो नाम हटाइएको भन्दै पार्टीको निर्वाचन आयोगमा उजुरी दिएका छन् । उजुरीको बोधार्थ अनुशासन आयोगका प्रमुखलाई ह्वाट्सएपमा पठाएको श्रेष्ठले बताए ।

साथै, उनले पार्टी सभापति रवि लामिछानेलाई पनि बेग्लै निवेदन दिएका छन् । श्रेष्ठका अनुसार उनी न्याय माग्न सभापतिको घरमै पुगेका थिए । सभापति नभेटिएपछि घरमा निवेदन छोडेर हिंडेको उनले बताए ।

चार वर्षदेखि निरन्तर रास्वपामा योगदान दिँदै आए पनि आफूलाई पटक-पटक अन्यायमा पारिएको उनको गुनासो छ ।

**३३ प्रतिशत प्रतिनिधिबाट पदाधिकारी चयनमा प्रश्न**

राष्ट्रिय स्वतन्त्र पार्टीको महाधिवेशनबाट मात्र ३३ प्रतिशत प्रतिनिधिको सहभागितामा केन्द्रीय पदाधिकारी चयन भएपछि यसको वैधानिकतामाथि पनि प्रश्न उठेको छ । प्राविधिक रूपमा चयन प्रक्रिया ठिक देखिए पनि वैधताको विषयमा भने संशय व्यक्त गरिएको छ । ६ दिनसम्म चलेको महाधिवेशनको पहिलो चरणमा केन्द्रीय प्रतिनिधि चयन गर्दा निर्वाचन समितिले सार्वजनिक गरेको नामावलीअनुसार ३ हजार ८८९ प्रतिनिधि बन्द सत्रमा सहभागी भएको देखिन्छ । जसमध्ये ७५.९१ प्रतिशत पहिलो चरणमा सहभागी भए ।

तर पदाधिकारी छनौटको दोस्रो चरणको निर्वाचनमा कुल प्रतिनिधिमध्ये ३३.०७ प्रतिशत अर्थात् १ हजार २८९ जना मात्र सहभागी भए । बाँकी ६६.९३ प्रतिशत प्रतिनिधि पदाधिकारी चयन प्रक्रियामा सहभागी भएनन् । मात्र ३३ प्रतिशत प्रतिनिधिले चयन गरेको पदाधिकारी कसरी वैध हुन्छन् भन्ने प्रश्न उठेको हो ।

वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीका अनुसार प्राविधिक रूपमा यो सहभागितालाई स्वीकार गरिए पनि वैधानिकतामाथि प्रश्न उठाउने ठाउँ रहन्छ । राजनीतिक दलको आन्तरिक लोकतन्त्रलाई हेर्दा बाँकी ६६ प्रतिशतले अस्वीकार गरेको रूपमा पनि यसलाई बुझ्न सकिने र रास्वपाले आफ्नै कार्यकर्ताहरूबाट पूर्ण वैधता पाउन नसकेको त्रिपाठीको बुझाइ छ ।

त्यस्तै, रास्वपामा पार्टी सभापतिमा उठ्छु भन्ने व्यक्तिको नाम हटाउने र महाधिवेशन चल्दाचल्दै आफूखुसी मौखिक नियमहरू बनाउने जुन कार्य भयो, त्यो पार्टीको आन्तरिक लोकतन्त्रका लागि घातक देखिन्छ । रास्वपाले संविधानको उल्लङ्घन मात्र गरेन, आफैंले बनाएको पार्टी विधानको पालनासमेत नगरी गठन भएको पदाधिकारीको वैधानिकता कति हो भन्ने गम्भीर प्रश्न खडा गरिदिएको छ ।

अधिवक्ता कीर्तिनाथ शर्मा पौडेल ३३ प्रतिशत प्रतिनिधिबाट पार्टीको पदाधिकारी चयन हुनुलाई कार्यकर्ताको पूर्ण समर्थनको आधार मान्न नसकिने बताउँछन् । सभापति चयन सर्वसम्मत भए पनि कम्तीमा सहभागीमध्ये ५० प्रतिशतभन्दा बढी प्रतिनिधिले निर्वाचनमा भाग लिएको भए मात्र त्यसलाई पूर्ण वैध मान्न सकिन्थ्यो । बाहिरबाट हेर्दा निर्वाचन प्रक्रिया प्राविधिक रूपमा सही देखिए पनि यसको वैधानिकतामाथि प्रश्न उठाउने ठाउँ बाँकी रहेको पौडेलको बुझाइ छ । रुपन्देहीका रास्वपाका एक नेताले कागजको मतपत्र बनाएर मतदान गरेको भए अहिलेको भन्दा धेरै फरक नतिजा आउने ठोकुवा गरे । उनले मेशनबाट गरिएको भोटिङ 'सेटिङ'को आशंका धेरै उम्मेदवारले गरेको उनले बताए । 'आफ्नो क्षेत्रमा पचास जना कार्यकर्ताले नचिन्ने उम्मेदवारले जितेका छन्, स्थापनाकादेखि संगठन बनाउन खटेका नेताले हारेका छन् यो पत्याउन नसकिने विषय हो'-उनले भने ।

**बुटवलका...**

सहमति पत्रमा उद्योग व्यापार संघ बुटवलका अध्यक्ष लोकनाथ पन्थी, बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष हरि प्रसाद अर्याल, रुपन्देही उद्योग संघका अध्यक्ष कृष्णप्रसाद पराजुली र रुपन्देही व्यापार संघका अध्यक्ष प्रकाश ढकाल ले हस्ताक्षर गरेका छन् ।

पछिल्ला वर्षहरूमा एउटै समयमा जो सुकैले विभिन्न मेला-महोत्सव सञ्चालन गर्ने अनुमति पाउँदा व्यापारिक गतिविधि विभाजित हुने, औद्योगिक व्यापार मेलाको प्रभाव घट्ने तथा प्रदर्शनी स्थल व्यवस्थापनमा समस्या देखिँदै आएको भन्दै अब साझा मापदण्डमार्फत् त्यसलाई उद्देश्यमूलक, व्यवस्थित र मर्यादित बनाउने प्रयास गरिएको चार संस्थाका नेतृत्वले बताएका छन् । कार्यक्रममा उद्योग ब्यापार संघ बुटवलका पूर्व अध्यक्षहरु विष्णुप्रसाद पाण्डे, गोविन्दराज गैरे, वरिष्ठ उपाध्यक्ष पदम जीसी, महासचिव विजय आचार्य, सचिव सौरभ भुसाल, कोषाध्यक्ष दिलिप शर्मा, उद्योग बाणिज्य संघका महासचिव मुक्ति अधिकारी, व्यापार संघका महासचिव प्रकाश पौडेल, उद्योग संघका महासचिव सुमन बस्याललगायतले चार वटा संस्थाको अगुवाई र पहलमा बुटवल मण्डपमा पुसमा आयोजना हुने व्यापार मेला र औद्योगिक प्रदर्शनीलाई स्थानीय सरकारले विशेष संरक्षण गरेको तथा प्रदेश र संघीय सरकारले समेत सकारात्मकरुपमा मूल्यांकन गरेकामा धन्यवाद ज्ञापन गरेका थिए ।

**नेपाली सेना, सैनिक कल्याणकारी कोष**
**जंगी अड्डा, काठमाडौ**
**सैनिक कल्याणकारी सैनामैना सौर्य विद्युत आयोजना ब्लक नं. १**

**वातावरणीय अध्ययन (संक्षिप्त वातावरणीय अध्ययन) प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना**

**(वातावरण संरक्षण नियमावली २०७७ को नियम ७ सँग सम्बन्धित)**

**(प्रकाशित मितिः २०८३/०३/ १७ गते)**

लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला सैनामैना नगरपालिकामा नेपाली सेना ( सैनिक कल्याणकारी कोष) द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | नेपाली सेना, सैनिक कल्याणकारी कोष, जंगी अड्डा, काठमाण्डौ<br>फोनः ०१-४२२५९४३<br>ई-मेलः nawb@nepalarmy.mi.mp |
| **प्रस्तावको व्यहोरा** | नेपाली सेना (सैनिक कल्याणकारी कोष) द्वारा लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला, सैनामैना नगरपालिका- ९ मा रहेको नेपाली सेनाको आफ्नै भोगाधिकार क्षेत्रभित्रको जग्गामा सौर्य ऊर्जाबाट १० मेगावाट विद्युत उत्पादन गर्ने उद्देश्यले सैनिक कल्याणकारी सैनामैना सौर्य विद्युत आयोजना (ब्लक नं. १) निर्माण गर्न प्रस्ताव गरिएको छ । यस आयोजनाअन्तर्गत विद्युत् उत्पादनका लागि सोलार प्यानलहरू स्थापना गरिने, आवश्यकता अनुसार ट्रान्सफर्मर तथा इन्भर्टरहरू जडान गरिने, सोलार प्यानल सफाइका लागि जल भण्डारण केन्द्र निर्माण गरिने, पानी व्यवस्थापनका लागि नाली निर्माण गरिने तथा उत्पादित विद्युत नजिकै रहेको सालझण्डी सबस्टेसनमा जडान गरिनेछ । |
| **प्रभाव पर्न सक्ने जिल्ला / न.पा. /गा.पा. :** | |
| **रुपन्देही जिल्ला** | सैनामैना न.पा. वडा नं. ९ |

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन (संक्षिप्त वातावरणीय अध्ययन) प्रतिवेदन तयार गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीबिच के कस्तो प्रभाव पर्दछ भनी एकिन गर्न सो स्थानको न.पा./गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नेपाली सेना, सैनिक कल्याणकारी कोष, जंगी अड्डा, काठमाण्डौ फोनः ०१-४२२५९४३. ई-मेलः nawb@nepalarmy.mi.np |
| परामर्शदाताको नाम र ठेगाना | एनइए इन्जिनियरिंग कम्पनी लिमिटेड, ललितपुर महानगरपालिका वडा नं. १०. ललितपुर, नेपाल फोनः +९७७-०१-५९२१८०६ / ५९२१८५६. ई-मेलः info@neaec.com.np. |

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय भूमि व्यवस्थापन तथा अभिलेख विभाग
**भूमि प्रशासन कार्यालय**
तौलिहवा, कपिलवस्तु,

## हकवालाको नाँउको ३५ दिने सूचना

मितिः २०८३/०३/१७

उपरोक्त विषयमा जिल्ला कपिलवस्तु सा.गा.वि.स. पतारिया वडा नं. २ हाल शुद्धोधन गाउँपालिका वडा नं. १ भलुहिया बस्ने यहसानुल्लाह मु.को छोरा अब्दुल बदुद मुसलमानको मिति २०८२/०२/२५ गते र निजको एक मात्र पनि समीम बानो मु.को मिति २०७४।०३।१२ गते अफ्नै कालगतिले मृत्यु भएको । मृतक दम्पत्तिबाट कुनै छोराछोरीको जाय जन्म नभएको । मृतकहरु जीवित छंदा सेवा सम्भार औषधी उपचार मृत्यु पछि दाह संस्कार, काजक्रिया निवेदक भाई अब्दुल रब मु.ले गरेको । ज.ध. मृतक अब्दुल बदुद मुसलमानको नाममा दर्ता रहेको तपसिल अनुसारको उल्लेखित जग्गा हक अंश खाने हकवाला भाई आवेदक अब्दुल रब मु. रहेकोले मेरो नाममा एकलौटी नामसारीको लागि यस कार्यालयमा मिति २०८३/०३/०२ गते निवेदन माग अनुसार यो ३५ दिने सूचना प्रकाशित गरिएको छ । निजको नाममा एकलौटी नामसारी हुनु नपर्ने भए यो सूचना टाँस भएको मितिले म्याद भित्र स-प्रमाण सहित यस कार्यालयमा उजुरी गर्नुहोला । सूचना टाँस भएको म्याद भित्र उजुर नगरेमा निम्न लिखित कित्ता नम्बरको जग्गा आवेदक अब्दुल रब मु. को नाममा एकलौटी नामसारी भई ज.ध. प्रमाण पुर्जा निवेदकले प्राप्त गर्ने र पछि कसैको कुनै किसिमको उजुर नलाग्ने ब्यहोरा समेत जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| गा.वि.स. | वार्ड नं. | कित्ता नं. | क्षेत्रफल | दर्तावालाको नाम, थर |
|---|---|---|---|---|
| पतरिया | ४ | ४१९ | ०-५-१५-० | ज.ध.- अब्दुल बदुद मुसलमान<br>बुवाः यह सानुल्लाह मु.<br>बाजेः मोहम्मद खलील मु.<br>ठेगानाः जिल्ला कपिलवस्तु सा.गा.वि.स. पतरिया वडा नं. २<br>हाल शुद्धोधन गा.पा. वडा नं. १, भलुहिया । |
| पतरिया | ४ | ८६९ | ०-६-१-२ | |
| पतरिया | ४ | २८८ | ०-०-१८-० | |
| पतरिया | ४ | ८७१. | ०-०-९-० | |
| पतरिया | ४ | ८६७ | ०-२-३-२ | |
| पतरिया | ९ख | २०० | ०-०-६-० | |
| पतरिया | ९ख | ३८४ | ०-५-७-० | |
| पतरिया | ९ख | ३८५ | ०-१-१३-० | |
| पतरिया | ९ख | ४३३ | ०-०-१३-० | |
| पतरिया | ९ख | ३८ | ०-०-१४-० | |
| पतरिया | ९ख<br>(वडा नं. ९क हुनुपर्ने संशोधन । माग भएको) । | ६८४ | ०-७-१५-० | |

**भूमि प्रशासन अधिकृत**

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार
प्रो. रामशाह शाहानी

विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस् र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् ।
लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुखानगर, रुपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२